लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १३, अंक ३२, २०७६ फागुन ३० गते शुक्रबार (March 13, 2020) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५
website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## काँग्रेसमा देउवा र पौडेलको पक्षमा को-को

काठमाडौं। काँग्रेसको आगामी वर्ष २०७७ साल फागुन ७ देखि १० सम्म हुने



चौधौं महाधिवेशनमा सभापति बन्न चारजना नेताहरु मैदानमा उत्रिएका छन्। सभापति बन्ने प्रतिस्पर्धामा वर्तमान सभापति शेरबहादुर देउवा वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला र नेता शेखर कोइरालाले उम्मेदवारका लागि व्यापक तयारी गरेको काँग्रेसका जानकारहरुले बताएका छन्।

१३ औं महाधिवेशनको नजिर हेर्दा कृष्णप्रसाद सिटौलाले देउवालाई समर्थन गर्ने सम्भावना

(बाँकी अन्तिम पेजमा)

# अप्टिकल फाइबरको समस्यामा विद्युत

काठमाडौं/ नेपाल विद्युत प्राधिकरण व्यवस्थापनबाट हुने गरेका कानूनी त्रुटीका कारण प्राधिकरणले समस्या भोग्दै आएको छ। अप्टिकल फाइबर प्रयोग तथा सोको भाडा सम्बन्धमा करिव चार अर्ब रुपियाँ प्राधिकरणले देशभरका केबुल संचालकबाट उठाउनु पर्नेमा व्यवस्थापनको गलत नीतिका कारण उक्त रकम उठ्न नसक्ने अवस्थामा पुगेको हो। देशभरका करिव एक सय १० सेवा प्रदायकले प्राधिकरणसँग सम्झौता नगरी विद्युतको अप्टिकल फाइबर र पोलहरु प्रयोग गरी व्यवसाय सञ्चालन गरिरहेको अवस्थामा सुशासन तथा प्राधिकरणको हितका लागि कार्य गर्दै आएका भनी प्रचारमा रहने गरेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको योग्यता, क्षमतामाथि पनि यो विषयले प्रश्न उठाइदिएको छ।

अप्टिकल फाइबर केबुल सेवा सञ्चालन निर्देशिका, २०७३ लाई २०७५ असार २६ गतेको सात सय ७३औं संचालक समितिको बैठकले संशोधन गरेको थियो। त्यसरी कानून बनिसकेको अवस्थामा संशोधित निर्देशिका २०७५ भाद्रदेखि लागू भैसकेको मानिन्छ। यस्तो अवस्थामा प्राधिकरणको व्यवस्थापनले रकम उठाउनु त परै जाओस् प्रदायकसँग करारनाममा गर्न समेत नसकेको अवस्था छ। २०७५ सनल असार २६ गतेअघि प्रति वर्ष दुई सय पाँच रुपियाँका दरले बुझाई आएकोमा त्यसपछि करिव २० गुणाले मूल्यवृद्धि गरिएकै कारण व्यवसायीहरु असहमत भएका कारण



उक्त रकम उठाउन प्राधिकरणले नसकेको समाचार स्रोतले जानकारी दिएको छ। प्राधिकरण व्यवस्थापनले सरोकारवाला व्यवसायहीहरुसँग कुनै पनि सल्लाह नगरी त्यत्रो गुणामा मूल्यबृद्धि गरेकाले त्यसलाई धान्न नसक्ने भन्दै सरोकारवालाहरुले पुनरावलोकन हुनै पर्ने अडान राखेका थिए।

त्यसपश्चात् गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरेर सेवा प्रदायकहरुलाई नयाँ करारनामा गर्न भनिएको थियो। सो कार्यले प्रदायकहरु झनै रुष्ट हुन पुगेका थिए। नेपाल केवल टेलिभिजन व्यवसायी महासंघका अध्यक्ष सुधीर पराजुली २० देखि २५ प्रतिशतमात्र मूल्यवृद्धि जाहेज रहेको अवस्थामा प्राधिकरणको व्यवस्थापनले एकलौटी रुपमा २० गुणा बृद्धि गरी प्रयादकहरुको ढाड सेक्ने निर्णय गरेको बताउँछन्। उनले सरोकारवालाहरुको कुनै पनि सहमति नलिई त्यस्तो निर्णय गर्दा प्रदायक र प्राधिकरणका बीचमा फाटो आउने कार्य भएको छ। पराजुलीका अनुसार उनीहरुलाई बल पुग्ने गरी अर्थात प्रदायकलाई यस्तो एकतर्फी निर्णयले मार परेको भनी विश्व बैंकको इन्टरनेशनल मोनेटरी फण्ड (International Monetory Fund – IMF) को समितिले सूचकांक सार्वजनिक गरिसकेको छ। अहिले जनताले एक हजार पाँच सय रुपियाँ प्रतिमहिना बुझाउँदा टिभी र इन्टरनेट सेवा पाइरहेको अवस्थामा प्राधिकरणको उक्त निर्णय मान्ने हो भने प्रतिमहिना कम्तीमा थप छ सय रुपियाँको भार पर्न जाने दाबी प्रदायकहरुले गरेका छन्।

प्रदायकका अनुसार उनीहरु किलो मिटरका हिसाबले नभै पोल प्रयोग गरको हिसाबले तिर्न तयार छन्। त्यसरी तिर्ने रकममा हालको व्यवस्था अनुसार २० देखि २५ प्रतिशत थप गरी तिर्न तथा त्यसमा पनि प्रतिवर्ष पाँच प्रतिशतका दरले स्वत: मूल्यवृद्धि गर्न प्रदायकहरु राजी छन्। सेवा प्रदायकले २०७३ मा संझौता गरेको हो र सोही अनुसार रकम तिरिरहने बताउँदै अन्य

(बाँकी अन्तिम पेजमा)

## अधिकारी नेतामा मनोनीत

काठमाडौं/ प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रिय सभाको संसदीय



दलको नेतामा राधेश्याम अधिकारी मनोनयन गरेको छ। कांग्रेसका सभापति शेरबहादुर देउवाले अधिकारीलाई मनोनयन गरेका हुन्।

कांग्रेस संसदीय दलको विधान (संशोधन तथा परिमार्जन सहित, २०७४) को धारा १२ को उपधारा (१) बमोजिम राष्ट्रिय सभा सदस्यमा अधिकारीलाई मनोनयन गरेको सभापति देउवाका निजी सचिव केशवराज जोशीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

वरिष्ठ अधिवक्ता समेत रहेका अधिकारी कांग्रेसभित्रका वौद्धिक नेतामा समेत पर्छन्। काठमाडौंका स्थायी

(बाँकी अन्तिम पेजमा)

## बास्कोटाका छिमेकीमा त्रास

भक्तपुर/ सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरणमा ७० करोड रुपैयाँ घुस मागेको अडियो टेप सार्वजनिक भएपछि मन्त्रीबाट बास्कोटा पछिल्लो समय भक्तपुर जिल्लाका मध्यपुर थिमी नगरपालिका वडा नं.१ स्थित लोकन्थलीमा बस्दै आएका बास्कोटाको



राजीनामा दिन बाध्य भएका गोकुलप्रसाद बास्कोटाका पछिल्ला छिमेकीहरु अहिले त्रासमा परेका छन्। काभ्रेपलाञ्चोक जिल्लाबाट संघीय संसदमा निर्वाचित भएका कारण उनका छिमेकीहरुलाई तनाव तथा त्रास भएको हो।

मन्त्री हुँदाका बखत आफ्नो निवास

(बाँकी अन्तिम पेजमा)

## पौडेललाई गलहत्याउँदा दाहाललाई धक्का

काठमाडौं/ संघीय संसद् संसदीय सुनुवाइ समितिले जनवादी गणतन्त्र चीनका लागि नेपाली राजदूत लीलामणि पौडेललाई गलहत्याई फिर्ता बोलाउने निर्णय सरकारले गरी सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाललाई धक्का दिने नीति प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले लिएको भनी दाहालको कानभर्ने कार्य हुँदै आएको छ।

पौडेलको ठाउँमा प्रस्तावित राजदूत महेन्द्रबहादुर पाण्डेको नाममा संसदीय सुनुवाइ प्रक्रिया अघि बढाइएपछि झिनो आशामा रहेका पौडेलको विगतको प्रशासनिक योगदानमा समेत झड्का लगाउने कार्य भएको छ। समितिको बुधबारको बैठकले प्रस्तावित राजदूत पाण्डेका बारेमा कुनै गुनासो वा उजुरी भएमा त्यस्ता सूचना र उजुरी सङ्कलन गर्न १० दिनको सार्वजनिक सूचना



प्रकाशित गर्ने निर्णय गरेको सभापति लक्ष्मणलाल कर्णले जानकारी दिएपछि पौडेलले दाहाललाई फोन गरी ओलीले आफूविरुद्धमात्र नभई दाहालविरुद्ध नै प्रहार गरेको भनी दाहाल निकटको स्रोतले 'नयाँ विमर्श' लाई जानकारी दियो।

मन्त्रिपरिषद्को यही फागुन १८ गतेको बैठकले उनलाई चीनका लागि आवासीय तथा प्रजातान्त्रिक जनगणतन्त्र कोरिया र मङ्गोलियाका लागि गैरआवासीय राजदूतमा नियुक्तिका लागि सिफारिश गरी संसदीय सुनुवाइका लागि समितिमा पठाएको थियो। प्रस्तावित राजदूत पाण्डे पूर्वपरराष्ट्रमन्त्री हुन् जसको व्यवस्थापनको लागि ओलीले पौडेललाई बलि चढाएको चर्चा छ।

विसं २०५६ मा संसद् सदस्य बनेका पाण्डेसँग तत्कालीन नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक भएर काम गरेको अनुभव छ। त्रिभुवन विश्वविद्यालयमा सन् १९७५ देखि १९९४

(बाँकी अन्तिम पेजमा)

## कांग्रेसले नेता गुमायो

काठमाडौं/ नेपाली कांग्रेसले आफ्ना पुराना एवम् त्यागी नेता पूर्णकुमार शेर्मालाई गुमाएको छ। मिर्गौलामा समस्या आएको भनी केही वर्षदेखि उपचारमा रहँदै आएका शेर्माको बुधवार ललितपुरको निदान अस्पतालमा निधन भएको हो।

पूर्वमन्त्री समेत रहेका शेर्माको निधनले कांग्रेसलाई अपूरणीय क्षति भएको छ। दुइटा मिर्गौलाले काम गर्न छाडेपछि शेर्मा उपचाररत थिए। विक्रम संवत २००० साल असोज १२ गते पाँचथर जिल्लाको मिक्लाजुङको सराङडाँडामा जन्मिएका शेर्मा २०६६ सालमा स्थानीय विकासमन्त्री भएका थिए। कांग्रेस पाँचथरको दुई पटक सभापति भएर पार्टीको नेतृत्व गरेका २०५७ सालमा भएको १० औं र २०६१

(बाँकी अन्तिम पेजमा)

## नेकपाका नेता कमाउधन्दामा

मोरङ/ सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का मोरङ जिल्लास्तरीय नेता युवराज बास्कोटाले निःशुल्क एम्बुलेन्सलाई भाडामा लगाएर कमाउधन्दा चलाएको पाइएको छ। भारतीय राजदूतावासले चार वर्षअघि भारतीय स्वतन्त्रता दिवसका अवसरमा को२च १२५ नम्वरको एम्बुलेन्स बास्कोटाको बुबाआमाको नाममा रहेको 'ईन्द्रकमल बास्कोटा प्रतिष्ठान' लाई निःशुल्क दिएको थियो जसलाई उनले अर्को संस्थालाई भाडामा दिई कमाउधन्दा चलाएको समाचार स्रोतले बताएको छ।

बास्कोटाले दुई वर्षसम्म सो एम्बुलेन्स पथरी शनिश्चरेमा राखेर सेवा दिए पनि पछिल्लो समयमा सो एम्बुलेन्स विराटनगरको 'रुपा पराजुली ट्रष्ट' लाई भाडामा दिने कार्य उनले गरेको स्रोतले बताएको छ। उनले बार्षिक एक लाख २५ हजार रुपियाँ भाडाका रुपमा असुल्ने गरेको पनि समाचार स्रोतले जानकारी दिएको छ।

एम्बुलेन्स सञ्चालन कार्यविधि विपरित नेकपाका नेता बास्कोटाले एम्बुलेन्स भाडामा दिएको स्रोतको दाबी छ। निःशुल्क पाएको एम्बुलेन्स भाडामा लगाएको उनले स्वीकारेका छन्। 'एम्बुलेन्स चलाउन समस्या भएकाले 'बाध्य भएर भाडामा दिएको' भन्ने उनले गरेका छन्। बास्कोटा नेकपा प्रदेश नम्बर १ का कमिटी सदस्य समेत हुन्।

## सात सय नेपाली सेना युएन मिसन जानबाट बञ्चित !

काठमाडौं। संयुक्त राष्ट्रसंघको शान्ति मिसनअर्न्तगत सुडान जान लागेका करिव सात सय नेपाली सेनाको टोली अन्तिम अवस्थामा रोकिएको छ। शान्ति मिसनका लागि गत फागुन २५ गते नै त्यसतर्फ उड्नुपर्ने नेपाली सेनाको टोली अन्तिम अवस्थामा रोकिएको सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले पुष्टि गरे। युएन हेडक्वार्टरले नै पत्र पठाएर तत्काललाई स्थगित गर्न भनेको छ। त्यसकारण तयारी अवस्थामा रहे पनि हामी पछि हट्न बाध्य भयौं', प्रवक्ता शर्माले भने, 'हाम्रा कारणले भन्दा पनि उतैबाट रोक्न भनिएपछि रोकिएको हो।' युएन हेडक्वार्टरले कोरोनाभाइरसको महामारी बाहेक अन्य कारण समेत देखाएर मिसन रोकेको सैनिक उच्च स्रोतले जनाएको छ। तर, अन्य के कारण र कति समयलाई रोकेको हो भन्ने सेनाका अधिकारीहरुले खुलाएका छैनन्।

प्रवक्ता पाण्डेले कोरोना कारण देखाएर मिसन रोकिएको दावी गरे पनि यसमा सेनाभित्रकै अन्य कारणहरुले पनि भूमिका खेलेको उच्च सैनिक स्रोतको दावी छ। जसले गर्दा युएनले यसअघि नेपाली सेनामाथि राखेको विश्वासमा ह्रास आएको

(बाँकी अन्तिम पेजमा)

## आइजिपी ज्ञवालीको कार्यकाल सकसपूर्ण

काठमाडौं। गत माघ २८ गते प्रहरी महानिरीक्षकबाट सर्वेन्द्र खनाल अवकाश भएपछि वरिष्ठ डिआइजी ठाकुर ज्ञवाली आइजिपीमा बढुवा भएका हुन्। वामपन्थी



कित्तामा विश्वास गर्ने भएका कारण चार महिना मात्र कार्यकाल बाँकी रहेका ज्ञवालीलाई सरकारले माघ २९ गते प्रहरी महानिरीक्षकमा बढुवा गरेको हो। क्षमताका हिसाबले ज्ञवालीकै व्याची तारणी लम्साल आइजिपीमा बढुवा हुनुपर्नेमा काँग्रेसप्रति आस्था राखेको आरोपमा उनलाई एआइजीमा बढुवा गरिएको जानकारहरुले बताएका छन्। एआइजी लम्साल पनि आइजिपी ज्ञवालीसँगै अबको चार महिनापछि २०७७ असार २४ गते अवकाश हुँदैछन्।

प्रहरी महानिरीक्षकमा बढुवा भएर एक

(बाँकी अन्तिम पेजमा)

## निगम र व्यवसायीको जुहारीले ग्यासमा कालोबजारी

काठमाडौं। सरकारले खाना पकाउने ग्यास आवश्यक परिमाणमा आइरहेको बताए पनि सर्वसाधारणले भने सहज रूपमा ग्यास नपाएको गुनासो गरेका छन्। नेपाल आयल निगमले भने दैनिक खपत ३८ हजार टन भए पनि यसै महिनादेखि ४५ हजार टनका हिसाबले ग्यास आयात भइरहेको जनाएको छ। देशैभर दैनिक १ लाख सिलिन्डर खपत हुन्छ। अन्य दिनको खपतको तुलनाभन्दा बढी ग्यास आयात भइरहे पनि किन अभाव छ त ? निगमको ग्यास विभागका निर्देशक दीपक बराल भने डिपोहरूले ग्यास नदिँदा अभाव भएको हुन सक्ने बताउँछन्। उनले आयातअनुसार बिक्री भए/नभएको अनुगमन पनि गरिरहेको भन्दै कुनै डिपोले ग्यास नदिए खबर गर्न पनि आग्रह गरे।

एक सार्वजनिक कार्यक्रममा ग्यास उद्योग संघका अध्यक्ष गोकुल भण्डारीले पनि देशभर

(बाँकी अन्तिम पेजमा)

## नेपालको अर्थतन्त्र डामाडोल

काठमाडौं। अमेरिकी डलरको मूल्य अहिलेसम्मकै महँगो भएको छ। पछिल्लो दुई सातामा डलरको भाउ पाँच रुपैयाँले उक्लिसकेको छ। गत बुधबारका लागि नेपाल राष्ट्र बैंकले डलरको आधार मूल्य ११८ रुपैयाँ ९० पैसा तोकेको थियो। यसअघि डलरले ११८ रुपैयाँलाई छोएको मात्र थियो। अहिले भने ११९ रुपैयाँ हाराहारी पुग्न लागेको हो। लामो समय ११४ रुपैयाँको हाराहारीमा रहेको डलर अघिल्लो सातादेखि निरन्तर बढ्न थालेको हो। ११४ को हाराहारीमा रहेको डलर ११८ रुपैयाँमाथि उक्लिएको छ। चीनबाट फैलिएको नोबल कोरोना भाइरसले विश्व अर्थतन्त्र नै प्रभावित हुन थालेपछि लगानीकर्ताहरुले डलरको माग बढाएका छन्। यही बीचमा सुनको मूल्य पनि आकाशिएको छ। अहिले बजारमा सुनको

(बाँकी अन्तिम पेजमा)

## संसद बैठक रोक्न कांग्रेस सांसदको माग

काठमाडौं। नेपाली कांग्रेसका सांसदहरुले तत्काल संसद बैठक रोक्न



माग गरेका छन। बिहीबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै कांग्रेसका सांसदहरु भरतकुमार शाह र भीमसेनदास प्रधानले कोरोनाबाट बच्न सतर्क हुनुपर्ने भन्दै संसद बैठक रोक्न माग गरेका हुन्। 'कोरोनाको संक्रमणले विश्व नै त्रसित भइरहेका बेला संसदलाई निरन्तर चलाइराख्नुको कुनै तुक छैन। यस्तो ठाउँमा संक्रमण फैलने सम्भावना धेरै हुन्छ। हामीलाई संक्रमण भयो भने गाह्रो हुन्छ। चाँडोभन्दा चाँडो संसद बन्द

(बाँकी अन्तिम पेजमा)

## सुनिल थापा अब 'कांग्रेस' मा

काठमाडौं/ राष्ट्रिय प्रजातन्त्र पार्टीका संस्थापक नेता स्व.सूर्यबहादुर थापाका पुत्र सुनिल थापा जो मन्त्रीसमेत भएका व्यक्ति हुन् जसको पछिल्लो भूमिकालाई लिएर विभिन्न अड्कलबाजी हुन थालेको छ। राप्रपाको एकीकरण प्रक्रियामा सुनिल थापाको अनुपस्थिति तथा भूमिकाविहीनको अवस्थालाई लिएर उनले सो पार्टी त्याग्ने संभावना बढेको भनी चर्चा पुनः चल्न थालेको छ।

थापा राप्रपा (संयुक्त) को उच्च स्तरीय कार्यसम्पादन समितिका सदस्य रहे पनि पछिल्लो समयमा उनले त्यो समितिमा समेत कुनै भूमिका नखेलको समाचार स्रोतले बताएको छ। थापा शुरुदेखि नै गणतन्त्रवादी भएका तथा दुई राप्रपाले गरेको सहमतिमा एकीकृत पार्टीले राजसंस्थासहित प्रजातन्त्रमा जाने सहमति गरिएकाले त्यसप्रति थापाको असहमति रहेको पनि समाचार स्रोतले



दाबी गरेको छ।

यसैबीच थापाले नेपाली कांग्रेसमा प्रवेश गर्ने तयारी गरेको पनि चर्चा छ। उनले कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल र महामन्त्री शशांक कोइरालासँग कुरा अघि बढाइरहेको दाबी गर्दै समाचार स्रोतले भन्यो, 'यसका लागि थापाले महामन्त्री पद मागेका छन्, नपाएको खण्डमा केन्द्रीय सदस्यमा भए पनि चित्त बुझाउने स्थिति छ।'

कांग्रेसमा प्रवेश गरेका खण्डमा धनकुट्टामा उनले कांग्रेसको तर्फबाट चुनाव लड्ने तथा कांग्रेसको उम्मेदवार हुँदा चुनाव जित्न सहज हुने उनको बुझाइ

(बाँकी अन्तिम पेजमा)

# ओलीमाथि राजनीतिक 'कु' को प्रयत्न'

**अमित ढकाल**

प्रधानमन्त्री केपी ओली नेकपाभित्र अंक गणितका हिसाबले र नैतिक रूपले पनि रक्षात्मक अवस्थामा पुगेका बेला उनीविरूद्ध'कू' को प्रयत्न अघि बढेको छ। बालुवाटारमा शनिबार बसेको सचिवालय बैठकले राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न मिल्ने गरी संविधान संशोधनको गृहकार्य गर्न माधव नेपालको संयोजकत्वमा सुवास नेम्वाङ र खिमलाल देवकोटा सदस्य रहेको समिति गठन गरेको छ। प्रधानमन्त्रीको चाहनाविपरीत अर्का अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'को प्रस्तावमा यो समिति गठन भएको हो। समिति गठन हुँदा प्रधानमन्त्री मौन बसेका थिए। वामदेव गौतमलाई अघि सारेर प्रधानमन्त्री हटाउने खेल यस्तो बेला सुरू भएको छ, जति बेला ओली पार्टीमा पकड, स्वास्थ्य र नैतिक हिसाबले कमजोर देखिएका छन्। प्रधानमन्त्री ओली अहिले नेकपाको सचिवालय, स्थायी समिति र केन्द्रीय कमिटी तीनै ठाउँ अल्पमतमा छन्। अर्का अध्यक्ष प्रचण्ड र सचिवालय सदस्य माधव नेपाल एकै ठाउँ उभिएपछि ओली अल्पमतमा परेका हुन्। पार्टी एकीकरण गर्दा प्रचण्डले पूर्वमाओवादी तर्फबाट केन्द्रीय समिति र स्थायी समितिमा करिब ४० प्रतिशत भागबन्डा पाएका थिए। बाँकी ६० प्रतिशतमा ओली पक्षका झन्डै ३५ र नेपाल पक्षका २५ प्रतिशत सदस्य छन्।

सचिवालय सदस्यमा पूर्वमाओवादी पक्षका तीन र पूर्वएमालेका छ जना भए पनि अहिले तीन जना मात्र ओली पक्षमा छन्। बाँकी प्रचण्ड(नेपालसँग छन्। ओली पक्षमा उनी आफूसहित ईश्वर पोखरेल र विष्णु पौडेल मात्र छन्। पार्टी र सरकारमा ओलीका सबभन्दा निकटमध्ये निवर्तमान सञ्चारमन्त्री गोकुल बाँस्कोटाले करोडौंको कमिसन प्रकरणमा भर्खरै राजीनामा दिए। सेक्युरिटी प्रेस खरिद प्रकरणमा बाँस्कोटाले गरिरहेको कमिसनको मोलतोल प्रधानमन्त्रीलाई थाहा नहुन सम्भव थिएन भनेर उनीमाथि चौतर्फी नैतिक दबाब परेको छ। प्रधानमन्त्री ओली स्वास्थ्यका हिसाबले पनि कमजोर अवस्थामा छन्। उनले मिर्गौला प्रत्यारोपणको तयारी सुरू गरिसकेका छन्। सबै कुरा मिले अर्को दुई(तीन सातामा प्रत्यारोपण गर्ने तयारी थियो। त्यसपछि दुई(तीन महिना आराम गर्नुपर्ने हुन्छ। बदलिएको राजनीतिक परिस्थितिमा उनले प्रत्यारोपणको निर्णय थाती राख्छन् वा अघि बढाउँछन्, यकिन छैन। सचिवालयमा संविधान संशोधनको प्रस्ताव आउँदा उनी किन मौन बसे भन्नेमा दुइटा कारण हुन सक्छ। पहिलो, उनले विरोध गरेको भए पनि सचिवालयको बहुमतले उक्त प्रस्ताव पारित गर्ने सम्भावना थियो। अंक गणितका हिसाबले उक्त प्रस्ताव स्थायी समिति वा केन्द्रीय कमिटीमै लगेर पनि प्रचण्ड(नेपालले पास गराउन सक्छन्। त्यसैले विरोध गरेर आफू अल्पमतमा परेको औपचारिक रूपमा देखाउन ओलीले नचाहेका हुन सक्छन्। दोस्रो, संविधान संशोधन गरेर वामदेवलाई प्रधानमन्त्री बनाउने विषय वर्तमान नेपालमा लोकप्रिय कुरा होइन। त्यसैले पारित हुन नसक्ने यो प्रस्तावले प्रचण्ड(नेपाललाई नै हानी गर्छ भन्ने पनि प्रधानमन्त्रीको आकलन देखिन्छ।

'यो कसरी पारित गर्दा रै'छन् हेरौं न भनेरै प्रधानमन्त्री चुप लाग्नुभएको हो,' उनीनिकट एक नेताले भने। सचिवालयका एक सदस्यले'हल्काफुल्का ढंगले प्रस्ताव ल्याएर घारघुरमै पारित गरिएको' प्रतिक्रिया दिए। ओली खेमाबाट यो प्रस्तावको विरोध सुरू भइसकेको छ। सचिवालयले समिति बनाउँदा आफूलाई नसोधी नाम राखेकोमा नेम्वाङले विरोध जनाइसकेका छन्।'मलाई एक शब्द पनि नसोधी नाम राखियो,' नेम्वाङले सेतोपाटीसँग भने,'मलाई अहिलेसम्म कार्यदलमा छस् भनेर कसैले भनेका छैनन्।' प्रधानमन्त्री ओलीको समूह यो निर्णयविरूद्ध कसरी बढ्ने र संविधान संशोधनको विषय पारित हुनबाट कसरी रोक्ने भन्ने रणनीति बनाउने गृहकार्यमा जुटेको छ। प्रचण्ड(नेपाल भने संविधान संशोधनका लागि दुईतिहाइ कसरी पुर्‍याउन सकिन्छ भन्ने कसरतमा छन्।

नेकपासँग एक्लै संसदमा दुईतिहाइ मत छैन। दुईतिहाइ नै नभएको अवस्थामा तपाईंहरू संविधान संशोधन प्रस्ताव कसरी पास गर्नुहुन्छ भन्ने प्रश्नमा प्रचण्ड(नेपाल समूहका एक नेताले'मधेसी दलको सहयोगमा संशोधन गर्न सकिने' बताए। प्रचण्ड(नेपाल समूहको रणनीति मधेसी दलका केही माग समेटेर संविधान संशोधन गर्ने र राष्ट्रिय सभाको विषयमा पनि उनीहरूलाई सहमति गराउने छ।'संविधान संशोधनको माग मधेसी दलकै हो। हामी उनीहरूको माग पनि समेटेर अघि बढ्ने पक्षमा छौं,' ती नेताले भने। मधेसी दललाई पनि'दिल्लीको निर्देशन' मा मिलाइसकेको आरोप ओली खेमाको छ। सरकारमा आउन लगभग सहमत भइसकेको राजपा दिल्लीकै निर्देशनमा पछि हटेको दाबी ओलीनिकट एक नेताले गरे।'राजेन्द्र महतो नै सरकारमा आउन सबभन्दा उत्साही थिए,' उनले भने,'दिल्ली गएर आएपछि एकाएक उनी संविधान संशोधन र समाजवादी पार्टीसँग एकता गर्ने कुरामा जोड दिन थाले।'

ओलीले जतिसुकै प्रयत्न गरे पनि भारत उनको सरकारसँग खुसी छैन भन्ने जगजाहेर छ। भारतको समर्थनमा आफूलाई हटाउन लागेको कुरा पार्टीभित्र र बाहिर पनि ओली खेमाले आउने दिनमा व्यापक रूपले उठाउनेछ। यो मुद्दाले पूर्वएमालेभित्र नेपाल खेमाका नेताहरूलाई पनि विभाजित गर्ने सम्भावना छ।'सैद्धान्तिक रूपमा यो प्रस्ताव आफैं समस्याग्रस्त छ। कुनै अमुक नेताको स्वार्थका लागि संविधान संशोधन गर्ने विषयलाई आममानिसले कसरी हेर्छन् ?' नेपालनिकट एक नेताले भने,'त्यसमाथि यसमा भारतको विषय पनि जोडिएपछि नेकपाभित्र यसले नयाँ ध्रुवीकरण ल्याउने सम्भावना म देख्छु।' माधव नेपाललाई साथ दिँदै आएका सबै नेता(कार्यकर्ताले नै यसमा साथ दिन नसक्ने उनले दाबी गरे। प्रचण्ड र नेपाल पक्षसँग पार्टीभित्र अंकगणितीय सुविधा भए पनि वामदेवलाई प्रधानमन्त्री बनाउन संविधान संशोधन गर्ने विषय आफैंमा अलोकप्रिय हो।

वामदेव नेपाली राजनीतिका विवादस्पद पात्र मात्र होइनन्, आर्थिक पारदर्शिताका हिसाबले पनि उनको विगत समस्याग्रस्त छ। गृहमन्त्री हुँदा आयातीत गाडीमा एयरपोर्टबाटै सुन छिराएको आरोप उनीमाथि छ। त्यो बेलाको संसदीय छानबिन समितिले एयरपोर्टमा बदमासी भएको प्रतिवेदन दिएको थियो। पार्टी विभाजनपछि तत्कालीन एमालेले नै उनलाई टुँडिखेलबाट देशको सबभन्दा ठूलो भ्रष्टाचारी घोषणा गरेको थियो। राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न मिल्ने र राष्ट्रिय सभाको सदस्य संख्या थप्ने प्रस्तावको औचित्य पुष्टि गर्न पनि प्रचण्ड(नेपाललाई कठिन हुनेछ। संसदीय व्यवस्थामा प्रतिनिधि सभा र राष्ट्रिय सभाको आ(आफ्नै महत्व र गरिमा छ। अझ राष्ट्रिय सभालाई त'जेष्ठ संसद' पनि भनिन्छ। सिद्धान्ततस् र संविधानको मर्मअनुसार राष्ट्रिय जीवनमा योगदान पुर्‍याएका र पार्टी राजनीतिभन्दा अलग रहेका व्यक्तिलाई राष्ट्रिय सभामा निर्वाचित गर्ने भनिएको हो। ताकि, भोलि आवश्यक पर्दा उनीहरूले पार्टीको अंकगणितभन्दा माथि उठेर सोच्न सकून्। हाम्रो राष्ट्रिय सभामा कार्यकर्ता भर्ती गरेर पार्टीहरूले संविधानको त्यो मर्म मारेका छन्।

त्यसमाथि अब चुनाव हारेको व्यक्तिलाई राष्ट्रिय सभामा लगेर प्रधानमन्त्रीसम्म बन्न मिल्ने गरी संशोधन गर्ने तयारी प्रचण्ड(नेपाल खेमाको छ। आफ्ना सांसदको संख्या बढाउन राष्ट्रिय सभा सदस्य संख्या पनि बढाउने उनीहरूको दाउपेच छ। प्रतिनिधि सभा र राष्ट्रिय सभाको यो संवैधानिक सन्तुलन संविधान जारी भएको पाँच वर्ष नै नपुगी किन फेरबदल गर्नुपर्‍यो भन्ने प्रश्नको जवाफ दिन प्रचण्ड(नेपाललाई कठिन हुनेछ। प्रतिनिधि सभाले छानेको प्रधानमन्त्री ठिक भएन, अब नेताहरूले राष्ट्रिय सभामार्फत् थोपरेको प्रधानमन्त्री चाहियो भन्ने तर्क आफैंमा कमजोर र नागरिकले प्रधानमन्त्री छान्ने शासन पद्धतिविरूद्ध हुनेछ। आमनागरिकलाई यसमा सन्तुष्ट पार्न कठिन त छँदैछ, संसदीय व्यवस्थाको यति लामो समयदेखि पृष्ठपोषण गरेको प्रमुख प्रतिपक्षी दलले पनि यो संशोधन स्वीकार गर्न सक्ने अवस्था छैन।

त्यसमाथि सत्ता परिवर्तनमा भारतको चाहना देखिँदा प्रचण्ड(नेपालले आउने दिनमा ठूलो विरोध खेप्नुपर्नेछ, त्यसमा ओली समूहले कुनै कसर बाँकी राख्ने छैन। यी सारा चुनौतीका बावजुद वामदेवलाई राष्ट्रिय सभामा पुर्‍याउन र प्रधानमन्त्री बनाउन संविधान संशोधन गर्ने प्रयत्न प्रचण्डले किन गरिरहेका छन् भन्नेमा अर्को'थ्योरी' पनि छ। यो प्रस्ताव अघि बढ्छ र संविधान संशोधन हुन्छ भन्नेमा उनलाई पनि धेरै विश्वास छैन। तर, यसका लागि प्रयत्न अघि बढेपछि ओली एकातिर र आफूसहित नेपाल, वामदेव र झलनाथ अर्कोतिर भएर स्पष्ट कित्ताकाट हुन्छ भन्ने उनको पूरा विश्वास छ। त्यसपछि माधव, झलनाथ वा वामदेवमध्ये कोही पनि फेरि ओलीसँग नजिक हुन सक्ने छैनन्।

ओलीसँग संविधान संशोधनको विषयमा यति धेरै झगडा गरिसकेपछि उनलाई सत्ता र पार्टीबाट हटाउनु पनि अपरिहार्य हुन्छ। त्यो बेला प्रधानमन्त्री पद आफूमै आउन सक्छ। वा, माधव नेपाललाई अढाई वर्ष प्रधानमन्त्री दिएर आफू पार्टीको एक्लौटी अध्यक्ष र महाधिवेशनपछि प्रधानमन्त्री बन्ने रणनीति पनि उनको हुन सक्छ। झलनाथलाई विद्या भण्डारीपछि राष्ट्रपति पदको बाचा छँदैछ। यी सबै राजनीतिक सम्भावनाको आकलन गरेरै प्रचण्डले ओली तुलनात्मक रूपमा कमजोर भएकै बेला उनीविरूद्ध राजनीतिक'कू' को गोटी अघि सारेका छन्। ओलीका कार्ड भने हेर्न बाँकी नै छ।'उनी अंकगणितमा कमजोर होलान्, त्यो त एकीकरण गर्दा नै थाहा थियो,' ओलीनिकट एक नेताले भने,'तर उनी एक्लै पनि ठूला शक्ति हुन्, त्यसमाथि उनका कार्ड रित्तिसकेका छैनन्।'

# रामचन्द्र पौडेललाई काँग्रेसमा 'महान्' बन्ने अवसर

**जगदीश दाहाल**

नेपाली काँग्रेसको आगामी १४ औं महाधिवेशनलाई लिएर चर्चा सुरु भएको छ। विगतका महाधिवेशनलाई नजिकबाट नियाल्ने र आगामी महाधिवेशनमा हुने संभावित घटनालाई विश्लेषण गर्नेहरुले नेपाली काँग्रेसको वर्तमान सभापति शेरबहादुर देउवा नेपाली काँग्रेसको लामो इतिहाससँगै हुर्किएर बढेर यहाँसम्म आइपुगेका परिपक्व नेता भएको मान्छन्। तर दुर्भाग्य के हो भने लोकतन्त्र विरोधी, संविधानसभाबाट जारी संविधान च्यात्न, व्यवस्था भत्काउन र लोकतान्त्रिक पद्धति असफल गराउन चाहने तत्वबाट सभापति देउवा घेरिनु भएको छ। सभापति देउवालाई यस्ता व्यक्तिहरुले घेरेका छन् जसले उहाँलाई आफूअनुकूल चलाउन चाहन्छन्। यो समूहले सभापतिलाई आफ्नो घेराभन्दा बाहिर हेर्न र बुझ्न दिँदैनन्। उहाँलाई निश्चित घेराभित्र राखेर आफूले जे देखायो त्यसैलाई सही मान्ने अवस्थामा पारिरहेका छन्।

नेपाली काँग्रेसकै पनि जनाधार गुमाएका, शक्तिका वरिपरी बसेर चुस्न चाहने एकाध व्यक्तिको झुण्डले उहाँलाई घेरेर राखेको छ। यो नै दुर्भाग्य हो। लोकतान्त्रिक गणतन्त्र असफल गराउन चाहने उग्रदक्षिणपन्थीबाट लोकतान्त्रिक व्यवस्थाको वा लोकतन्त्रको पहरेदार नेपाली काँग्रेस घेराबन्दीमा परेको छ। आम नागरिकलाई लोकतन्त्रको अनुभूति दिलाउनका लागि लडेर लोकतान्त्रिक शासन व्यवस्थाको अनुभूति गराउने वचनवद्धताका साथ राष्ट्रियरअन्तर्राष्ट्रिय मन जितेर पटक-पटक मुलुकको लोकतान्त्रिक पद्धतिको लडाइँमा होमिदै लडाइँ जित्दै यहाँसम्म आइपुगेको काँग्रेसका सभापतिको दुर्दशा हुनु दुर्भाग्य नै हो। काँग्रेस सभापति देउवालाई नजिकबाट हेर्दा र बुझ्दा 'विनास काले विपरित बुद्धि' भनेजस्तै देखिन्छ। उहाँले जे गर्दै हुनुहुन्छ त्यो पार्टी र मुलुकको हितका लागि नभइ आफू शक्तिमा रहिरहनका लागि गर्दै हुनुहुन्छ। उहाँलाई यस्तो गर्न ती तत्वहरुले उक्साइरहेका छन् जो उहाँको निकट रहेर लाभ लिन चाहन्छन्।

आउने महाधिवेशनमा आफू सभापति बन्न र आफूलाई पुन निर्वाचित गराउने सपनामा सभापति देउवाले अलोकतान्त्रिक उग्रदक्षिणपन्थी र राज्यव्यवस्था असफल गराउने शक्तिको उक्साहटमा र जनाधार नभएका केही काँग्रेसका नेताको घेराबन्दीमा परेर अघि बढिरहनुभएको छ। ती तत्वको प्रभावमा परेर काँग्रेसलाई समाप्त पार्ने टुलको रुपमा वर्तमान सभापति देउवा प्रयोग हुँदै हुनुहुन्छ। अहिलेको कम्युनिष्ट पार्टीको शासनलाई खबरदारी गर्ने अनि लोकतान्त्रिक परिपाटीमा हिँडाउने जिम्मेवारी र जवाफदेहीता बोकेको प्रतिपक्ष लोकतान्त्रिक दल नेपाली काँग्रेस यस्तो हुँदा मुलुक दुई पांग्रे रथको एउटा पांग्रो छुटेर एउटा मात्रै पांग्रेले हिँड्न खोजे जस्तो भएको छ। प्रतिपक्षको खबरदारीबिना अघि बढिरहेको सत्तापक्ष निरंकुश हुन खोज्दैछ तर त्यसलाई सही बाटोमा ल्याउने जिम्मेवारी बोकेको काँग्रेसले आफ्नो भूमिका बिर्सिएको छ। देशका लागि आफ्नो आवश्यकता टड्कारो भएका बेला त्यलाई बिर्सिएर पार्टीभित्र शक्ति आर्जन गर्ने लालसाका त्यसैको पछि दौडिनु काँग्रेस सभापतिको दुर्भाग्यपूर्ण कदम हो।

कम्युनिष्टले लोकतान्त्रिक अनुभूति नागरिकलाई दिलाउन सक्दैनन्। र, आम लोकतन्त्र पक्षधर नागरिक र संसारले पनि विश्वास गर्दैनन्। तर, जनताले दिएको मौका उसले प्रयोग गर्दा उसको खबरदारी गर्ने शक्तिको यो हालत हुनु आम नागरिक र मुलुकका लागि दुर्भाग्य हो। त्यसैले देशी विदेशी उग्र दक्षिणपन्थी र जनाधार गुमेका त्यस्ता समूहबाट घेरिएर जायज उपयुक्त र लोकतान्त्रिक पक्षधर जनाधार रहेका नेताहरुलाई पन्छाउन खोज्नु उचित होइन। अर्का नेता कृष्णप्रसाद सिटौलाले यसअघिको १३ औं महाधिवेशनमा जुन भूमिका निर्वाह गरेका थिए, करिब करिब त्यही भूमिकामा फेरि दोहोरिएर कृष्णप्रसाद सिटौला देखा पर्ने संकेतले नेपाली काँग्रेसलाई देशी विदेशी षड्यन्त्रकारी शक्तिहरुले सिध्याउन खोजेका हुन् ? भन्ने आशंका उब्जिएको छ।

वर्तमान सभापति देउवा नजानी नजानी र पूर्व महामन्त्री सिटौला जानी बुझी वा नजानिकन देशी विदेशी षड्यन्त्रकारी शक्तिका गोटी बन्ने र काँग्रेसलाई कमजोर बनाउने अनि कहिल्यै सत्ता र शक्तिमा आउनै नसक्ने र त्यस किसिमले जनताले विश्वास गर्नै नसक्ने ठाउँमा पुर्‍याउने कुरामा किन लागेका छन् ? यो गम्भीर प्रश्न हो। त्यसैले अब नेता रामचन्द्र पौडेलले काँग्रेस जोगाउन र लोकतान्त्रिक परिपाटी, संविधानसभाबाट जारी संविधान जोगाउन लोकतान्त्रिक गणतन्त्रलाई सही दिशातर्फ लैजान र खबरदारी गर्न सशक्त काँग्रेसको आवश्यकता महशुस गरेर सबैलाई समेट्न र संगठित गर्न आफू अभिभावक बन्न आवश्यक छ। नेता पौडेलले यदि त्याग देखाउने हो भने उहाँ महान बन्ने अवसर हुन्छ। उहाँको अनुकरण गर्न सभापति देउवा पनि बाध्य हुनुहुनेछ। त्यसैले रामचन्द्र पौडेलले अब आफू पछि हटेर (पार्टीले चुनाव जिते प्रधानमन्त्री बनेर मुलुक हाँक्ने) आउने महाधिवेशनमा लोकप्रिय र काँग्रेसलाई सही दिशातर्फ लैजान र सही नेतृत्व दिन सक्ने व्यक्तिलाई सभापतिको उम्मेद्वार बनाउनुपर्छ। अब त्यस्तो व्यक्तिको पार्टीभित्र खोजी गर्नुपर्छ। विद्वान राष्ट्रियरअन्तर्राष्ट्रिय रुपमा कहलिएका रामशरण महत, अर्जुन नरसिंह केसी, प्रकाशमान सिंह, डा. शेखर कोइराला, डा. शशांक कोइराला, सुजाता कोइरालालगायतका नेताको समर्थनमा कोही एक व्यक्तिलाई आगामी महाधिवेशनमा सभापति उठाउन र एकजुट भएर सभापतिमा जिताएर सशक्त रुपमा काँग्रेसलाई एक बनाएर संघीय लोकतान्त्रिक गणतन्त्र, संविधासभाबाट जारी संविधानको पक्षमा उभिन सक्ने व्यक्तिलाई सभपाति बनाउन आजको टड्कारो आवश्यकता महशुस गरेर रामचन्द्र पौडेलले भूमिका निर्वाह गर्नुपर्छ।

# भोक-भोकै मर्ने कि कोरोनासँग लड्ने ?

**प्रतीक प्रधान**

थालनी दुर्गा बराल 'वात्स्यायान'को एउटा कार्टुनबाट गरौं। हामी नेपाली कुनै पनि घटनामा कसरी आफैंलाई हानि पुर्‍याउने व्यवहार गर्छौं भन्ने त्यो कार्टुनमा देखाइएको छ। विसं २०६१ साल भदौ १६ गते सम्पूर्ण नेपालीको लागि अत्यन्त भयानक र दुःखद दिन बन्यो। इराकमा काम गर्न गएका १२ जना नेपालीको साह्रै अमानवीय तवरले इराकका कट्टरपन्थी आतंकवादीले एकै ठाउँमा हत्या गरे। त्यस नृशंश हत्याको विरोध नेपालमा अनौठो तरिकाले गरियो। देशभरी र मुख्यतः काठमाडौंमा रहेका सम्पूर्ण वैदेशिक रोजगारीका कार्यालयमा तोडफोड र आगजनी गरियो। सोही घटनाको विषयमा वात्स्यायानले कार्टुन बनाए। कान्तिपुरमा प्रकाशित सो कार्टुनमा इराकमा नेपाली मारिएको समाचार बजिरहेको टीभी लठ्ठीले फोर्दै एक नेपाली युवा "लौ खा !" भनिरहेका थिए। अर्थात्, इराकमा नेपालीको नरसंहार भएको विरोधमा हामी नेपाली आफैंलाई हानिनोक्सानी पुर्‍याउने काम गर्छौं भनेर कार्टुनिस्टले सटीकरूपमा व्यक्त गरेका छन्। अहिले कोरोना भाइरसले चीनमा र करिब संसारभर नै आतंक फैलाएको अवस्थामा नेपालीले गरेका कतिपय काम कारवाही वात्स्यायानको कार्टुनमा त्यो युवाले गरेको विरोध वा प्रतिकारजस्तै देखिएको छ। आजसम्मको अवस्था के हो भने नेपालमा प्रमाणितरुपमा कोरोना भाइरसबाट संक्रमित कोही पनि भेटिएका छैनन्।

जति व्यक्तिलाई कोरोना (कोभिड -१९)को संक्रमणको शंकामा परीक्षण गरिएको छ करिब ती सबैजनामा सो भाइरस नभएको पुष्टि पनि भएको छ। एकजनामा संक्रमण देखिएको थियो तर तिनले रोगलाई पराजित गरेर स्वस्थ जीवनयापन गरिरहेका छन्। चीनको वुहानमा रहेका १ सय ८५ नेपालीलाई करिब १७ दिन क्वारेन्टाइनमा राखेर घर फिर्ता पठाइसकिएको छ। यस्तो अवस्थामा अहिले रोगसँग लड्ने नाममा हामीले गरिरहेको कामकारबाही कति प्रत्युदपादक छ सोको लेखाजोखा गर्न ढिला भइसकेको देखिन्छ। नेपाल सरकारलाई सबैतिरबाट दबाब दिने काम भयो। सर्वोच्च अदालतले समेत अन्तर्राष्ट्रिय उडान बन्द गराउन आदेश जारी गर्‍यो। सरकार आफैंले सबै सभा, समारोह बन्द गर्न गराउन उर्दी जारी गर्‍यो। भोज, भतेरहरू नगर्नसमेत सबैलाई अपिल गरिएको छ। धेरै जना जम्मा भएको ठाउँमा नजानका लागि सबैलाई "सुसूचित" गरिएको छ। सबैलाई मास्क लगाएर हिँड्न भनिएको छ। छिनछिनमा हात नधोएको खण्डमा भाइरस हातको माध्यमबाट मुखमा तुरुन्तै पुग्ने डर छ। मान्छेहरू हात मिलाउन छाडेर मुड्की जोड्ने, मुड्की उजाएर लाल सलाम भन्ने, जय नेपाल भन्ने र नमस्कार गर्ने बानी विकास गर्न प्रयास गर्दैछन्।

त्यतिमात्र होइन नेपालको ठूलो क्रिकेट लिग ईपीएलले अनिश्चितकालका लागि प्रतियोगिता रोकेको छ। सिनेमाकर्मीहरूले अहिले सबै सुटिङ्ग रोकेका छन्। स्कूलहरू चाँडोभन्दा चाँडो परीक्षा समाप्त गरेर लामो बिदामा जाने तयारी गर्दैछन्। यति सबै गरेर हामी के गर्दैछौं ? सबैले हेर्दा रोगलाई भित्रिन नदिनका लागि रोकथाम गर्दैछौं। तर, माथिका सबै व्यवहार देशभर कडाइसाथ लागू गर्ने हो भने हामी भोकमरीको तयारी गर्दैछौं। रोगको रोकथाम गर्दा केही दिन अर्थतन्त्रमा असर पर्छ भने त्यसलाई सहनु पर्छ अन्यथा जनधनमा ठूलो क्षति हुन्छ भन्ने धेरैको सोच छ। साँचो हो। तर, रोगै नआई हामी सम्पूर्णरुपमा चीनको वुहानमा गरेजस्तो रोकथामका उपायमा लाग्ने हो भने अर्थतन्त्रको अवस्था कस्तो होला ? अहिल्यै एसियाली विकास बैंकले कोरोनाभाइरसको कारण नेपालको अर्थतन्त्रलाई ४ अर्बसम्मको क्षति हुने जनाइसकेको छ। नेपाली जनताले राजधानीमा देखाएको त्रास देख्दा अर्थतन्त्रमा ठानिएभन्दा ठूलो भ्वाङ् पर्ने निश्चित देखिन्छ। सभा, समारोह नगर्ने, सिनेमा हल नचल्ने, खेलकुद कार्यक्रम नहुने, स्कूल बन्द हुने, कलकारखाना बन्द हुने, पसलमा सामान सकिने, कालो बजारियाले दाल, चामल, नुन, ग्यासको भाउ बेपत्ता बढाउने अवस्था अझ एक महिना रहने हो भने लुटपाटको स्थिति आउन सक्छ।

कुनै निर्माणको काम नहुने, रेस्टुरेन्ट नचल्ने, होटलमा विदेशी नआउने, विवाह ब्रतबन्ध नहुने, ट्याक्सी र बसमा कोही नचढ्ने अवस्था भयो भने न्यून वेतनभोगी कर्मचारीले कसरी दैनिक उपभोग्य सामानको जोहो गर्ने ? सरकारसँग यस्तो अवस्थामा गरिबलाई सहयोग गर्नसक्ने आर्थिक क्षमता त छँदै छैन। अझ, आयात कम भएर र कर कम उठेर सरकार आफ्नै कर्मचारीलाई तलब खुवाउन नसक्ने अवस्थामा पुग्दैछ। सरकारले पुँजीगत खर्च गर्न नसकेर आर्थिक मन्दी देखापरिसकेको छ। अब पुँजीगत खर्चले सरकारी कर्मचारीलाई तलब खुवाउनुपर्ने अवस्था भयो भने देशको आर्थिक अवस्था कस्तो होला ? कलकारखानामा यसै पनि चीनबाट कच्चा पदार्थ नआएर उत्पादनमा ठूलै कटौती हुनथालेको छ। कपडा, भान्साका सामान, फर्निचर, इलेक्ट्रोनिक्सका सामान आदि आउन यसै बन्द भएको छ–। सरकारले निर्माण र विकासका पैसा खर्च गर्न नसकेर बन्दै जस्ता छन्। बैंकमा भएको पैसा ऋण लिन आउने मान्छे भेटिन गाह्रो भइसकेको छ।

यस्तो अवस्थामा सरकार आफैंले इटलीमा जस्तै सबैलाई क्वारेन्टाइनमा राख्ने कोसिस गर्नु प्रत्युत्पादक हुनसक्छ। किनभने नेपालमा यो भाइरसको संक्रमण देखिएकै छैन। संक्रमण बढेर गयो, मृत्युदर बढेर गयो भने पो त्यसरी क्वारेन्टाइनमा राख्नु स्वाभाविक होला त। तर, अहिले जुन तवरले नेपालको सम्पूर्ण आर्थिक गतिविधिमा ताल्चा लगाउने कोसिस हुँदैछ त्यसले त नेपालमा कोरोना संक्रमण हुनुअघि नै आर्थिक डावाँडोलको अवस्थामा पुगिने देखिन्छ। मास्क लगाउने र भीडमा नजाने सल्लाहले धेरै मानिसलाई त्रसित बनाएको छ। वास्तवमा मास्क लगाउने कार्य संक्रमित व्यक्तिले गर्नु पर्छ। जसलाई रुघाखोकी लागेको छ उसले अनिवार्य रुपमा मास्क लगाएर हिँड्ने र खल्तीमा स्यानिटाइजर (हातमा लगाउने औषधि) बोकेर हिँड्ने हो भने कोरोना नै भएको व्यक्ति भए पनि अरुमा फैलन पाउँदैन। बरु सरकारले रुघाखोकीको लक्षण देखिनेबित्तिकै सकभर घरबाट बाहिर नआउन र सावधानी अपनाउन सल्लाह दिए हुन्छ। कमजोर शरीर भएका बूढाबुढी र केटाकेटीलाई सकभर बाहिर ननिस्कन कडाइ गर्नु पनि स्वाभाविक होला। तर, काम गरेर खानुपर्ने, देशको अर्थतन्त्र चलाउनुपर्ने र स्वस्थ व्यक्तिलाई नै त्रस्त बनाएर घरभित्र थुनेर राख्ने प्रकारको जुन वातावरण बनेको छ त्यसले धेरै न्यून आय भएका व्यक्तिलाई त कोरोनाभन्दा पहिले भोकमरीले सिध्याउन सक्छ। मध्यम आय भएका व्यक्ति पनि व्यायाम र पोसिलो खानेकुरा खान नपाउने अवस्थामा पुग्दै गएपछि कोरोनाभन्दा अघि अरु रोगले आक्रान्त बन्ने जोखिम बढ्दै जान्छ।

अहिलेको अवस्था भनेको सकभर चलायमान हुने। स्वस्थ व्यक्ति सबैजनाले आर्थिक क्रियाकलाप गर्ने। कसैलाई रुघाखोकी लागेको छ भने घरभित्र बस्ने सल्लाह दिने र बाहिर निस्कदा मास्क लगाएर निस्कन अनुरोध गर्ने हो। कुनै शत्रुदेशले आक्रमण गर्‍यो भने जसरी बूढापाका र बालबालिकालाई सुरक्षित स्थानमा राखेर युवा लडाइँको मैदानमा उत्रनुपर्छ त्यस्तै सम्झेर अहिले आर्थिक क्रियाकलापलाई अघि बढाउन र जनतामा त्रासको वातावरण कम गरेर जिम्मेवार हुन सिकाउनु पर्छ।

**जेब्रा क्रसिङबाट मात्र बाटो काटौं ।**

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

### कहाँ छ काङ्ग्रेस, के गर्दै छ ?

एक समय थियो नेपालको सत्ता राजनीति नेपाली काङ्ग्रेसको सेरोफेरोमा घुम्थ्यो । अझ २०४६ को जनआन्दोलपछि काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला नेपाली राजनीतिको मियो नै बनेका थिए । राजनीतिक खिँचातानीले देश अब कता जान्छ ? के हुन्छ ? भन्ने संशय हुँदा भनिन्थ्यो, यसबारे पहिले गिरिजाले सोच्छन् अनि अरूले सोच्छन् । तर आज काङ्ग्रेसको त्यो दमखम कता छ ? के हुँदै छ ? जननेता विश्वेश्वरप्रसाद कोइराला, लौहपुरुष गणेशमान सिंह, सन्त नेता कृष्णप्रसाद कोइराला, आदर्श नेताद्वय सुवर्णसमशेर राणा र सुशील कोइरालाद्वारा दीक्षित नेपाली काङ्ग्रेस आज कुन अवस्थामा छ ? जवाफदेही को छ ?

सात दशकअघि स्थापित काङ्ग्रेस नेपाली समाजमा स्वतन्त्रताप्रेमी श्रमजीवी जनता र प्रजातान्त्रिक व्यवहारका पक्षमा निरन्तर वकालत गर्ने व्यावहारिक राजनीतिक पाठशाला मानिँदै आएको छ। अझ जननेता बिपी कोइराला र उनकै भाइ गिरिजाप्रसाद कोइराला एकदलीय तानासाही विचारबाट प्रभावित नेपालका कम्युनिस्टलाई बहुदलीय प्रतिस्पर्धा र प्रजातान्त्रिक व्यवहार सिकाउँदै स्वतन्त्रताप्रेमी नेपाली जनताका पक्षमा उभिन सिकाउने दायित्व नेपाली काङ्ग्रेसको भएको बताउँथे। तर आज आफूलाई बिपीको सच्चा अनुयायी भन्दै काङ्ग्रेसको बिरासत थाम्ने कबुल गरेर पार्टी नेतृत्वमा पुगेकाहरू हुन् वा आगामी नेतृत्व हामी गर्छौं भनी १४औं महाधिवेशनका लागि तम्सेकाहरू हुन्, उनीहरूको व्यवहारले काङ्ग्रेस कुन हविगतमा पुगिसकेको छ ? यसको चित्तबुझ्दो जबाफ दिने क्षमता र साख पार्टीले गुमाइसकेको छ।

देश र जनताको अधिकारका लागि हाँसीहाँसी बलिदान दिने सहिदहरूद्वारा दीक्षित नेपाली काङ्ग्रेसका नेता गणेशमान सिंहले जीवन रहेसम्म दुःख मन्जुर गरे तर सिद्धान्तसँग सम्झौता गरेनन्। धन, पद र शक्तिको लोभमा फसेनन्। देश र जनताका लागि साँच्चै समर्पित हुने मान्छेलाई जनताले सधैँ सम्झिरहने हुन पद, पैसा र प्रतिष्ठा चाहिन्न। प्रजातन्त्र स्थापना र पुनःस्थापनाका निम्ति भएका तीनवटा वटा क्रान्ति, सत्याग्रह र जनआन्दोलनको नेतृत्व गर्ने गणेशमानको नाम सत्ता र पदबिना पनि इतिहासमा अङ्केकित छ। तर अहिले नेपाली काङ्ग्रेसको नेतृत्व गर्न चाहनेहरूको हविगत के छ ? उनीहरूलाई कुन रूपमा सम्झिन्छ इतिहासले ? जनताले विश्वास गरेर बहुमत दिएपछि आफ्नै सरकारको नीति तथा कार्यक्रम असफल बनाउने, आफ्नै सरकार ढाल्ने, सांसद किनबेचमा संलग्न हुने, सुरा-सुन्दरी, भ्रष्टाचार र कमिसनमा लिप्त हुने, पार्टी फुटाउने, टिकट किनबेच गर्ने, आफन्त र लाई पद, ठेक्का दिलाउने आदि परिघटनामा सहभागीहरू नै नेतृत्वको होडबाजीमा छन् यतिबेला। आफू समयअनुकूल काम गर्न पनि नजान्ने र नयाँ पुस्तालाई गर्न पनि नदिने मनोविज्ञानबाट ग्रसित नेतृत्वका कारण पार्टीमा अविच्छिन्न उत्तराधिकारीको प्रत्याभूति निरन्तर आरालो लाग्दो छ।

काङ्ग्रेसका संस्थापक, प्रजातान्त्रिक समाजवादका प्रणेता बिपी कोइराला विश्वस्तरका राजनीतिज्ञ थिए। आन्तरिक राजनीतिमा पनि उनीबराबर आजसम्म कोही पुग्न सकेका छैन । उल्टो उनका अनुयायीहरू दुनियाँले गाली गर्नलायक पात्रमा परिणत हुँदै छन्। पुरानो काङ्ग्रेसमा एउटा संस्कार थियो, साथीको आदर तथा सम्मान गर्ने। तर आजको काङ्ग्रेसमा सहकर्मीको अपमान गर्ने र खुट्टा तान्ने प्रवृत्ति संस्कारकै रूपमा मौलाएको छ। आपसमा सहमति र हार्दिकतासाथ जिम्मेबारी र नेतृत्व हस्तान्तरण गर्ने काङ्ग्रेसी परिपाटी आज एकादेशको कथा भइसकेको छ। पछिल्लो संसदीय निर्वाचनमा अघिल्लो लहरका नेताहरूको पैसा मोह तथा आफन्त मोह र अदूरदर्शी निर्णयका कारण काङ्ग्रेस प्रमुख प्रतिपक्षीको भूमिकामा खुम्चिन बाध्य भयो। तर यसबाट पाठ सिक्न नेतृत्व अझै तयार छैन। नेतृत्वमा मनोमानी र गुटको राजनीतिक ऐँजेरु लागेको छ। सहमति, सहकार्य र एकताको भावनामा काइ परेको छ। आदर्श, सिद्धान्त, हार्दिकता र प्रजातान्त्रिक संस्कारका सवालमा आन्तरिक रूपमा फितलो भइसकेको छ नेपाली काङ्ग्रेस। १३ औं महाधिवेशबाट नेतृत्वमा आइसकेपछि चार बर्से कार्यकाल फोसामा बिताए शेरबहादुर देउवाले। उनीबाट पार्टीमा सम्झिनलायक एउटै काम भएन। हिजो गिरिजाप्रसाद कोइरालासँग एक व्यक्ति एक पदको कुरा गर्ने उनी आज आफैँ सम्भव भए जति सबै पद आफू केन्द्रित गर्न चाहन्छन्। यस्तो पृष्ठभूमिमा अरूलाई प्रजातान्त्रिक संस्कार र व्यवहार सिकाउनुपर्ने काङ्ग्रेस नेतृत्वलाई अरूले सिकाउनुपर्ने, गाली गर्नुपर्ने अवस्था बन्नु शुभेच्छुकहरूका लागि लज्जाको विषय हो।

# शेरबहादुरजीले लोकतन्त्र र पार्टीको बदनाम गर्नुभयो

**रामचन्द्र पौडेल**, वरिष्ठ नेता– नेपाली काँग्रेस



नेपाली काँग्रेसमा महाधिवेशन नजिकिँदै गर्दा ध्रुवीकरण तीव्र हुँदै गएको छ । गत शनिबार र सोमबार सभापति शेरबहादुर देउवाले वरिष्ठ नेता रामचन्द्र पौडल समूहसँगको सहमतिबिना पार्टी विभाग गठन लगायतका निर्णय लिएपछि काँग्रेसमा विवाद चुलिएको छ । पौडेल पक्षले पार्टी कमिटीका बैठकसमेत बहिष्कारमा उत्रिएको छ । देउवा भने पेलेरै जाने मुडमा देखिन्छन् । सभापति देउवाका पछिल्ला निर्णय र आगामी महाधिवेशनको रणनीतिको सेरोफेरामा केन्द्रीत रहेर वरिष्ठ नेता पौडेलसँग गरिएको कुराकानी :

**० पार्टी सभापतिको पछिल्लो कदमप्रति तपाईंको समूहले आपत्ति जनाएको छ । त्यो आपत्तिमै सीमित हुन्छ कि निर्णय फिर्ता गराउन बाध्य पार्नुहुन्छ ?**

पार्टीको आज जुन हालत छ, यो हालतलाई सुधार गर्न महाधिवेशनको विकल्प छैन । त्यसका लागि समयमा महाधिवेशन गर्नुको विकल्प छैन । विधान अनरूप देशभर पार्टीको संरचना बनाउनु छ । चुनावबाट पार्टीका सबै निकायमा नेतृत्व आएपछि पार्टी तन्दुरुस्त बन्छ । अहिले पार्टी सङ्गठन लथालिङ्ग छ । वडादेखि केन्द्रसम्म पार्टी कमटी फङ्सनमा छैनन् । केन्द्रीय कार्यसमितिमै धेरै अलमल छन् । केन्द्रीय कार्यसमितिमा देखिएको अलमलको अन्त्य गर्नुपर्छ । यसको टुङ्गो अधिवेशनबाटै गरौं भन्ने मेरो कुरा हो । पार्टीभित्र नयाँ सुरुवात 'फ्रेस स्टार्ट' गरौं भन्दै आएको छु । ठूलो लडाइँपछि महाधिवेशनको कार्यतालिका सहमतिका साथ ल्याउन सफल भइयो । एकलौटी सार्वजनिक गरिएको महाधिवेशनको निर्णय सच्याउन र क्रियाशील सदस्यता छानविन समिति बनाउन सभापति मन्जुर भएपछि हामीले केन्द्रीय कार्यसमितिमा भाग लिएको हौं । तर यतिबेला एकाएक विभाग गठन गरेर महाधिवेशनलाई प्रभावित गर्नतिर लाग्नुभयो । यो मनपरीतन्त्र मान्य हुँदैन । योबीचमा उहाँहरुले जिल्ला उपसभापतिहरूलाई बोलाएर प्रशिक्षण दिने भनेर कार्यक्रमको आयोजना गर्नुभयो । त्यो कार्यक्रमा बाइकट गर्न हामीले जिल्ला उपसभापतिलाई भन्यौं । परिणाम स्वरूप कोरोनालाई देखाएर सभा, सम्मेलन, गोष्ठी र प्रशिक्षण स्थगित गर्न भनेर बिहीबार निर्णय भएको छ। अब हामी महाधिवेशन सफल पार्न लाग्ने हो । वडा-वडामा कसरी क्रियाशील सदस्यता वितरण भएको छ, हर्ने हो । पार्टीमा जजसको प्रतिनिधित्व कम छ, उनीहरुको प्रतिनिधित्व बढाउन हाम्रो पहल हुन्छ । पार्टीलाई समावेशी बनाउने हाम्रो ध्येय हुन्छ ।

**० तपाईंहरुले जिल्ला उपसभापतिको प्रशिक्षण बैठक मात्र बहिष्कार गर्नुभएको हो कि त्यो सम्बन्धी सबै कार्यक्रम ?**

हामीले प्रष्ट भनिसकेको छौं । महाधिवेशनसँग सम्बन्धित सबै कुरामा सहयोग गर्छौं । केन्द्रीय पदाधिकारीले सोचेभन्दा अगाडि नै हामी यसलाई व्यवस्थित गरेर जान्छौं ।

**० त्यसो भए सभापतिको निर्णयलाई कसरी सामना गर्नुहुन्छ ?**

त्यसलाई हामी मान्दैनौं, त्यसलाई हामीले इग्नोर गरिसक्यौं । विभागलाई मान्यता नै दिँदैनौं ।

**० सभापतिले केही केन्द्रीय सदस्य र केही आमन्त्रित केन्द्रीय सदस्य पनि मनोनय गर्नुभएको छ । उनीहरुलाई केन्द्रीय सदस्यका रूपमा स्वीकार्नु हुन्छ कि हुँदैन ?**

त्यो पनि गलत काम हो तर केन्द्रीय सदस्यको कुरा अलि अप्ठ्यारो छ । किनभने विभिन्न पार्टीबाट आएका साथीहरुलाई मनोनयन गरिएको छ । यो कुरा पनि अनुचित भए पनि यसलाई मान्दैनौं भन्ने अवस्था छैन ।

**० सभापतिले गठन गरेर विभागलाई मान्यता दिँदैनौं भन्नुभयो । हिजो संस्थापन इतर पक्ष एक ठाउँमा थियो । सभापति एक खालको दबाबमा देखिन्थे । तर यो पटक त्यस्तो देखिएन नि ?**

हामी सबै एकै ठाउँमा छौं । तपाईंले सिटौलाजीको कुरा गर्न खोज्नुभएको होला । सिटौलाजीका भनिएका केही मान्छेहरुलाई शेरबहादुरजीले जिम्मेवारी दिनुभएको छ । त्यो कुरा सिटौलाजीको सिफारिसमा गर्नुभयो कि आफै गर्नुभयो मलाई थाहा छैन । अन्य अवस्थामा हामी एकै ठाउँमा छौं ।

**० सभापतिले यो निर्णय लिएपछि तपाईं र सिटौलाबीच केही कुराकानी भयो ?**

उहाँसँग कुरा गर्न पाएको छैन । उहाँ कता-कता बाहिर-बाहिर हुनुहुन्छ ।

**० फोनमा कुराकानी भयो ?**

उहाँको फोन नै लाग्दैन । केही के हुन्छ । फोनमा पनि कुरा भएको छैन ।

**० सभापति पक्षले यतिबेला ४७ वटा विभागमध्ये २० वटा मात्र गठन गरेको छ । उसले एकलौटी विभाग गठन गरिएको र अन्य विभाग गठन तपाईंसँगको सहमतिपछि गरिने बताएको छ । तपाईंले आफूनिकट नेताको नाम दिनुहुन्छ ?**

अहिले विभाग बनाउने कुरा नै अनुचित हो । अर्को कुरा यतिबेला हामीले भाग खोजेको होइन । हामीलाई यति भाग चाहियो, उति भाग चाहियो भनेकै होइन । विधान विपरीत विभाग गठन गर्नुहुँदैन भनेको हो । पहिलेको विधानमा महाधिवेशन भएको दुई महिनाभित्र विभाग गठन गर्नुपर्ने भनिएको छ । नयाँ विधानमा पनि ६ महिनाभित्र विभाग गठन गरिसक्नुपर्ने व्यवस्था छ । पार्टी अधिवेशनमा प्रवेश गरिसकेपछि यसरी पद बाढ्नु अनुचित हो भन्ने हाम्रो भनाइ हो । यहाँ भागको कुरा छैन ।

**० तपाईंहरुले फेरि बहिष्कारको नीति लिनुभएको देखियो । आगामी केन्द्रीय कार्यसमिति बैठकमा सहभागिता रहन्छ ?**

महाधिवेशका लागि केन्द्रीय समिति बैठकको आवश्यकता छ । हामी सहभागी हुन्छौं ।

**० त्यसो भए जिल्ला उपसभापतिको प्रशिकक्षण बैठक बहिष्कारपछि नीति फेरिएको हो ?**

जिल्ला उपसभापतिको बैठक बहिष्कार गरेर हामीले विभाग गठनप्रति असहमति मात्र प्रकट गरेका हौं ।

**० अब पौडेल पक्षले पार्टी कमिटीको बैठकमा बहिष्कारलाई निरन्तरता दिँदैन भनेर बुझ्दा हुन्छ ?**

बहिष्कार विषय र सान्दर्भिकता हेरेर गरिन्छ ।

**० सभापतिले विभाग गठन, केन्द्रीय सदस्यको मनोनय र ज्येष्ठ राजनीतिज्ञ सभा गठनको निर्णय लिएर के सन्देश दिन खोज्नुभयो जस्तो लाग्छ ?**

उहाँ पहिला प्रधानमन्त्री हुँदा संसदमा अल्पमत थियो । कसैको बहुमत थिएन । त्यो बेलामा सहमतिको सरकार बनाउनुपर्ने अवश्यकता थियो । उहाँले व्यक्ति-व्यक्तिलाई खुसी पार्दै सरकारमा सहभागी गराएर सरकार चलाउनु भयो । त्यसको परिणाम सरकार बदनाम भयो, लोकतन्त्र बदनाम भयो, संसदीय पद्धति बदनाम भयो । मैले त्योबेला उहाँलाई सिङ्गो पार्टीसँग सम्झौता गराउनुहोस् भनेको थियो । राप्रपासँग सम्झौता गर्नुहोस् । उसले आफ्ना कार्यकर्ता आफ्नो अनुशासनमा राख्छ । त्यसको चिन्ता तपाईंले लिनु नपरोस् । राप्रपाले सक्दैन भने तत्कालीन एमालेसँग सम्झौता गर्नुहोस् अनि सरकार चलाउनुहोस् । उसका कार्यकर्ताको अनुशासनको जिम्मा उसैले लिन्छ, हाम्रा कार्यकर्ताको हामीले लिन्छौं भन्दा उहाँले मन्नु भएन । उहाँको शैली नै व्यक्ति-व्यक्तिलाई छानेर लिएर जाने र आफूलाई बलियो बनाएर जाने छ ।

उहाँले जसरी लोकतन्त्र र संसदीय प्रणालीमा विकृति ल्याउनुभयो, त्यसैगरी पार्टीभित्र पनि विकृति ल्याउनुभयो । राम्रो काम गरेर बलियो बन्ने होइन, मान्छे जोडेजाड गरेर बलियो बन्नतिर लाग्नुभयो । यसले पार्टीलाई बलियो बनाउँदैन । यसले पार्टीभित्र द्वन्द्व बढाउँछ । पार्टीभित्र विश्वासको सङ्कट बढाउँछ । यस्तो विश्वासको सङ्कटले लोकतन्त्र चल्दैन । हामीले लोकतन्त्र चलाउन खोजेको हो । नेपाली काँग्रेस लोकतन्त्रको मिसायल बन्न खोजेको हो । नेपाली काँग्रेसले आफूलाई लोकतन्त्रको दृष्टान्त ठान्छ । तर उहाँले जे गर्दै हुनुहुन्छ, त्यो लोकतन्त्रको दृष्टान्तको कार्यशैली होइन । उहाँको शैलीसँग मेरो असहमति छ । यसमा व्यक्तिगतभन्दा पनि नीतिगत असहति छ मेरो ।

**० सभापतिको कार्यशैलीसँग तपाईंले बेला-बेला असहमति जानाउनुहुन्छ । तर अन्ततः भागबण्डामा पुगेर सहमति गर्दै आउनुभएको देखिन्छ नि ?**

पार्टीमा 'फाइट टु फिनिस' गर्न त कि शेरबहादुरजीको जस्तो पार्टी दुईवटा बनाएर जानुपर्‍यो, पार्टी फुटाइहाल्नुपर्‍यो । पार्टी फुटाइहाल्ने कुरा म राम्रो देख्दिनँ । किनकि कतिपय कारण, आफ्नो लोभ वा मोहबस केही साथीहरु शेरबहादुरजीको साथमा गएका होलान् । तर पनि ती पार्टीमा योगदान भएका साथीहरु हुन् । तीनको भावनालाई मैले कुनै न कुनै रूपमा नेतृत्व गर्नुपर्छ । त्यसकारण पार्टीलाई विखण्डन गरिहाल्ने पक्षमा म होइन । त्यसकारण कहीँ न कहीँ सानोतिनो कम्प्रमाइज गरेर अधिवेशनमा जानुपर्ने हुन्छ । अब म मान्दिनँ, मान्दिनँ, मान्दिनँ... भनेर त चल्दैन । नमान्ने कुरामा अडान लिने हो । नमान्ने कुरा नमानेरै बस्ने हो तर पार्टी एउटै हो । पार्टी नै बहिष्कार गर्न त सकिँदैन ।

**० तपाईं १३औं महाधिवेशनमा पार्टीभित्रको ६०-४० को भागबण्डा अन्य गर्ने नाराका साथ सभापतिका लागि मैदानमा उत्रिनुभयो थियो । तर पराजित भएपछि आफै भागबण्डा खोज्दै हिँड्नुभएको देखियो नि ?**

म सभापति भएको भए भागबण्डाको स्वतः अन्त्य हुन्थ्यो । भागबण्डा माग्नु नपर्ने गरेर म काम गर्थें । तर म राजित भएँ । त्यतिबेला उहाँले पनि त्यो नारा दिनुभएको थियो । सभापति र संसदीय दलको नेता बनेपछि मैले उहाँलाई तपाईं न्याय, निस्पक्षता र पारदर्शी मूल्याङ्कनको आधारमा काम गर्छु भनिदिनुहोस् भनेको थियो । तपाईंले यति भनिदिएपछि पार्टीमा मेरो र तेरो भन्ने कुरा सकिन्छ । हिजो उहाँसँग काँग्रेस प्रजातन्त्रिकमा गएका र नगएलाई छुट्याएर व्यवहार नगर्दा म तपाईंलाई पूर्ण सहयोग गर्छु भनेको हो । तर उहाँले छुट्याएर व्यवहार गरिरहनुभयो । अनि एकथरि विशाल संख्याका साथीहरु अन्यायमा परे, उपेक्षित भए । मैले तिनको अधिकार र न्यायको खोजी मात्र गरेका हो । मैले गुट बनाएको होइन । मेरो गुट पनि छैन । मैले भाग लिएको पनि होइन । मैले साथीहरुलाई न्याय दिलाइदिएको हो । मैले भाग मागेको होइन । मैलाई भाग चाहिएको पनि छैन ।

**० पार्टीभित्रको विवाद त ६०-४० को भागबण्डामै गएर टुङ्गिने गरेको देखिन्छ ?**

हाम्रा प्रेसका मित्रहरुले, बुद्धिजीवीहरुले के बुझ्नुपर्छ भने राजनीतिमा कम्प्रमाइज हुन्छ । कहीँ न कहीँ पावर सेयरिङ हुन्छ । भागबण्डा वा पावर सेयरिङविना राजनीति चल्दैन । पावर सेयरिङविना विश्वको कुन पार्टी चलेको छ ? कुन व्यवस्था चलेको छ ? तर त्यसलाई हौवाका रूपमा नचलाऔं । नेकपामा पनि केपी शर्मा ओली र प्रचण्डजीका आफ्ना-आफ्ना मान्छे छन् । तीनलाई मिलाएर सरकार बन्यो ।

**० सभापति निर्णय फिर्ता लिने मुडा देखिँदैनन् । यो विवादको निकास कसरी हुन्छ ?**

यो विवाद १४औं महाधिवेशनबाट टुङ्गिन्छ । १४औं महाधिवेशनले 'लेटेस्ट फ्रेस स्टार्ट'बाट यसको निकास दिन्छ । काँग्रेस कार्यकर्ताले शेरबहादुरले नै पार्टी चलाउनुपर्छ भनेर निर्णय दियो भने चलाउनुहुन्छ । म शान्त बसिदिन्छु । उहाँले पार्टी चलाउन सक्नुभएन भनेर निर्णय दिनुभयो भने कोही अर्को साथीले पार्टी चलाउला । त्यसपछि नयाँ सुरु हुन्छ ।

**० कार्यकर्ताले सभापति शेरबहादुर देउवाको विकल्प खोज्दा कोही अन्य आउँछ भन्नुभयो । त्यो कोही तपाईं हो ?**

त्यसका लागि हाम्रो छलफल भइरहेको छ । हामी मिलेर एक जना उठ्छौं । कुरा त्यही हो ।

**० १३ औं महाधिवेशनमा तपाईंले ब्यवस्थान गर्न नसक्दा दुईवटा प्यानल निर्माण भएको थियो । १४औं महाधिवेशनमा पनि दुईवटा प्यानल बन्न सक्छ नि ?**

(बाँकी ६ पेजमा)

# भारतीय एस बैंकबाट नेपाली बैंकले सिक्नुपर्ने पाठ

**मनोजकुमार ज्ञवाली**

एस बैंक लिमिटेड सन् २००४ मा कारोबार सुरु गरेर १६ वर्षको सञ्चालन अवधिमा ११ सयभन्दा बढी शाखा सञ्जाल, १ हजार ९ सयभन्दा बढी एटीएम, १९ हजारभन्दा बढी कर्मचारीका साथ भारतका २८ वटा प्रदेश र ९ टेरिटोरीमा व्यवसाय विस्तार गर्दै देशको चौथो ठूलो प्राइभेट सेक्टरको बैंकको रूपमा स्थापित भयो । बैंकले गत वर्षसम्ममा भारु २१ अर्ब निक्षेप लिई भारु २२ सय ५० अर्बको कर्जा प्रवाह गर्यो । वासलातको आकार भारु ३४ सय ५० अर्ब नाघ्यो । आव २०१८र०१९ को वित्तीय विवरणमा भारू ५ अर्ब पुँजी हुँदै गर्दा सेयर प्रिमियम भारु १ सय १९ सहित बैंकको सञ्चिति तथा रिजर्भ भारू २७२ अर्ब पुगेको थियो । बैंक सुरु गर्दा बैंक सञ्चालनको जिम्मा बैंकका संस्थापकमध्येका एक राणा कपूरले एमडी र सीईओले लिएका थिए भने संस्थापक अशोक कपूर सञ्चालक समितिको अध्यक्षको रूपमा थिए । सीईओको निरन्तरता आरबीआईले इन्टरभेन्सन नगर्दा जनवरी २०१९ सम्म रह्यो । सञ्चालक समिति राणा कपूरलाई ३ वर्ष नै निरन्तरता दिन चाहन्थ्यो तर संस्थागत सुशासनको कारण देखाई आरबीआईले उनको कार्यकाल जनवरी २०१९ सम्म गरिदियो र रवनीत गिल नयाँ सीईओको रूपमा नियुक्त भए ।




यस वर्ष नै बैंकले भारु १५ अर्बभन्दा बढी नोक्सानीसहितको वित्तीय विवरण प्रकाशित गर्यो । कुनै बेला भारु २ प्रतिसेयर अंकित मूल्यको सेयर बजार मूल्य भारु ४ सयभन्दा माथिसम्म पुग्यो, जो अहिले एकै दिनमा ५६ प्रतिशतसम्मले घटेर भारु १६ मा आइपुगेको छ र अझै कारोबार भएमा घट्नेछ । आरबीआईले व्यवस्थापनको जिम्मा लिइसकेको छ भने भारु १० प्रतिसेयरमा थप पुँजी लगानी गर्न एसबीआईसँग कुरा चल्दै छ । ग्राहकहरूलाई प्रतिमहिना भारु ५० हजारको सीमामा मात्रै नगद निकाल्न सक्ने व्यवस्था गरिएको छ र उक्त सीमा विशेष प्रयोजनका लागि भारु ५ लाखसम्म गरिएको छ । मुडिजले एस बैंकको क्रेडिट रेटिङ बीटुबाट घटाएर सीएएथ्री गरिसकेको छ । यसको असर समग्र स्टक मार्केटमै रह्यो । एकाएक व्यवसाय विस्तारमा आक्रामक बनेर अघि बढेको बैंक जो बैंक अफ अमेरिकाको १६ वर्षभन्दा बढी अनुभव भएका र थुप्रै इन्टरनेसनल एक्स्पोजर पाएका बैंकरको हातमा थियो, कसरी यो अवस्थामा आइपुग्यो । केन्द्रीय बैंकको अनुसन्धान जारी नै छ तर निम्न कारणहरू प्रष्ट देखिन्छन्:

**१. बजारको भन्दा अत्यधिक व्यवसाय वृद्धिको होड**

अरु सबै बैंकहरूले कन्जरभेटिभ अप्रोचमै व्यापार गरिरहेको बेला राना कपूर 'एग्रेसिभ मोडल'का साथ अघि बढे । सबै बैंकहरूले 'नो' भनिसकेपछि पनि एस बैंकले 'एस' भनेर कर्जा दिन्छ भन्ने कुरा इन्डियन कर्पोरेट सेक्टरमै चर्चामा आयो । एक पटक भारु ३.५ अर्बसम्म पनि कसैले नपत्याएको एउटा मिड साइज सिपिङ कम्पनीलाई ऋण दियो । एस बैंकले १० प्रतिशत सर्भिस चार्ज लिएर भारु ५ अर्ब कर्जा दियो । यो एउटा प्रतिनिधि घटना मात्रै हो । यस्ता थुप्रै कर्जा प्रवाह भए । २ देखि ३ प्रतिशत सर्भिस चार्ज र महँगो ब्याजमा गएका कर्जाहरूका कारण बैंकको व्यापार र नाफा तत्काललाई त धेरै वृद्धि भयो । सीईओको पनि खुब तारिफ भो, सेयर बजारमा सेयरको मूल्यमा पनि निकै नै उछाल आयो । तर, अहिले यही कुरा समस्याको मुख्य जड भएर बैंकलाई डुबाउने कारण बन्दै छ । आईएल एण्ड एफएस, देवान हाउजिङ, सीजी पावर, कक्स एण्ड किङ्स, एडीएजी, एसर सिपिङ, एमसी लिओड रूसेल, रिलायन्स ग्रुप, जेट एयरवेज, क्याफे कफी डेजस्ता कम्पनीको कर्जा बैंकलाई यो अवस्थामा पुर्याउने कारक बन्न पुगे ।

**२. बढ्दो एनपीए र एपीए व्यवस्थापनको तरिका**

एस बैंकले छिट्टै ग्रोथ लिनका लागि कर्पोरेट लोनलाई फोकस गर्यो र बढाउँदै लग्यो । कर्जाको ६५ प्रतिशतभन्दा बढी अंश ठूला कर्पोरेट कर्जाको भयो । कर्जाको ब्याज चुक्ता नहुँदा पनि थप कर्जा प्रवाह गर्दै बैंकले एनपीएको रिपोर्टिङ १ प्रतिशतको हाराहारीमै गरिरह्यो । यस्तो कसरी सम्भव भइरहेको छ भन्दै गर्दा राना कपूरको जवाफ हुन्थ्यो, 'वी ह्याभ थ्री आइड प्रिन्सिपल फोकसिङ इनः रिलेसनसिप, प्रोडक्ट एण्ड रिस्क । सो वि गेट अर्ली वार्निङ सिङ्गल टु म्यानेज एकाउन्ट ।' सन् २०१६ पछि आरबीआईले सीआरआईएलसी सुरु गर्यो, जसमा सबै बैंकहरूले भारु ५ करोडभन्दा माथिको कर्जा तथा सुविधा रिपोर्ट गर्नुपर्ने भयो । यस व्यवस्थासँगै एस बैंकलाई कर्जा व्यवस्थापनमा अलि असहज भयो । बैंकले यतिबेला हाराहारी भारु ७.५ अर्बको खराब कर्जा देखाएको थियो, जो सहिमा भारु ५० अर्बको हाराहारी हुनुपर्थ्यो भन्ने अनुमान गरिएको छ ।

२०१८र०१९ मा बैंकले एनपीए भारु ७८.८ अर्ब देखायो भने आरबीआईले भारु १११ अर्ब भन्दा बढिको एनपीए रिपोर्ट गर्न लगायो । भारु १७१ अर्ब भन्दा माथीको एनपीए त सेप्टेम्बर २०१९ मै बैंकले देखायो । यसरी बढ्दो एनपीए बैंकको समस्याको मुल कारण रह्यो ।

**३. प्रमोटरहरूको आन्तरिक कलह**

बैंकका अध्यक्ष अशोक कपूरको २००८ को मुम्बई आतंकवादी हमलामा मृत्यु भएपछि राणा कपूरको पूरै एकलौटी निर्णयहरू चल्न थाल्यो । अशोककी पत्नीले छोरीलाई सञ्चालक समितिमा पठाउन चाहन्थिन् तर राणाले यो कुरा हुन दिएनन् । अनि यो मुद्दा अदालतसम्म पुग्यो र आखिर अदालती निर्णयपछि उनी सञ्चालक समितिमा आइन् । यो आपसी झगडा पनि बैंक ओरालो लाग्नुको कारणको रूपमा रह्यो ।

**४. संस्थागत सुशासन**

राणा कपूरको एस बैंकमा ५.५ प्रतिशतभन्दा बढी होल्डिङ थियो र सबै सेयर धितोमै राखिएको थियो । पछि उनले यी सबै सेयरहरू बिक्री गरे । बैंकको कारोबारमा उनी हावी हुँदै गए र जे बोल्यो, त्यही निर्णय हुन थाल्यो, चाहे त्यो ठूलो कर्जा दिन होस् या एनपीए व्यवस्थापनमा होस् । कुनै व्यवस्थापकले उनका अनुसार काम नगरेमा एसएमएसबाटै व्यवस्थापकलाई निकालिएका उदाहरण धेरै छन् भनिन्छ । एस बैंकलाई आरबीआईले फण्ड ट्रान्सफरमै रेगुलेटरी नन कम्प्लायन्सको कारण भारु ६ करोड जरिमाना गर्यो । संस्थागत सुशासनको अवस्था हेरेर नै आरबीआईले जनवरी २०१९ मै राना कपूरलाई सीईओबाट बाहिरिन भन्यो । संस्थागत सुशासनको समस्या ३र४ वर्षपहिले पीएमएस बैंकको क्राइसिससँगै एस बैंकमा पनि थियो तर न बैंकको सञ्चालक समिति न त आरबीआई नै समयमा चनाखो हुन सके ।

**५. तरलता तथा पुँजीकोष व्यवस्थापनमा समस्या**

संस्थागत सुशासनको नराम्रो अवस्था, आन्तरिक किचलो र ठूला खराब ऋृणहरूका आशंकाका कारण बैंक नोक्सानमा गएपछि थप पुँजी लगानी गर्न माइक्रोसफ्टदेखि अन्य लगानीकर्ताहरू खोजी गरी गरिएका सम्झौताहरू कार्यान्वयनमा आउन सकेनन् । जसका कारण पुँजीकोष र तरलता व्यवस्थापन असहज हुँदै गयो । इन्स्टिच्युसनल प्लेसमेन्टमार्फत अगष्ट २०१९ मा भारु ४६.२ करोडको पुँजी जारी गरेपश्चात् बैकले थप पुँजीका लागि लगानीकर्ता खोज्न सकेन । यसबाहेक सरकारको डेमोनिटाइजेसनका कारण पनि बैंकलाई आफूले धितोमा राखेका सम्पत्तिहरूलाई तरल सम्पत्तिमा परिवर्तन गर्न गाह्रो पर्यो र तरलतामा समस्या पर्दै गयो । आरबीआईले पनि प्रारम्भिक आँकडाहरूका आधारमा समयमै यो बैंकको व्यवस्थापन तथा बैंकको कर्जाको गुणस्तरमा रिभ्यू नगरेकै देखिन्छ ।

सरकारले एसबीआईको पूर्व सीएफओ प्रशान्त कुमारलाई एडमिनिस्ट्रेटरको रूपमा नियुक्त गरेर बैंकको रिइस्ट्रक्चरिङमा काम सुरु गरिसकेको छ । सरकारले ३० दिनभित्र बैंकमा थप पुँजी लगाउने या अरु कसैसँग गाभ्ने भन्ने निर्णय गर्नेछ ।

**यसबाट लिनुपर्ने शिक्षा**

१. एग्रेसिभ बिजनेस ग्रोथ र नाफाको लक्ष्यलाई मात्रै पछ्याउँदा समय लाग्न सक्छ तर दुर्घटना पक्कै हुन्छ । बैंक सञ्चालनमा तरलताको भूमिका धेरै ठूलो हुन्छ । लिक्विडी म्याचिङलाई रिभ्यू गरिरहनुपर्दछ । नेपालमा पनि संस्था राम्रो या वाहवाही पाउन व्यवसाय वृद्धि, नाफा वृद्धि र कम एनपीएमै जोड दिएको देखिन्छ । क्यालिटेटिभ यानालाइसिस गरेर न पत्रकारले लेख्ने, न त बजारले नै देख्ने अवस्था छ । विचार गर्नुपर्छ ।

२. एनपीए लुकाएर व्यवस्थापन गर्नाले पछि गएर सम्हाल्न नसकिने गरी विस्फोटन हुन्छ, यसर्थ बैंक व्यवस्थापनले एनपीए लुकाउनेभन्दा डिस्क्लोज गरेर जतिसक्दो छिटो समाधानतर्फ लाग्दा नोक्सान कम हुन्छ ।

३. जुन संस्थामा एक जना मान्छेको मात्रै हालीमुहाली चल्छ, त्यहाँ संस्थागत सुशासन कमजोर हुने सम्भावना अत्यधिक हुन्छ । यस्ता संस्थाहरूलाई केन्द्रीय बैंकले सूक्ष्म निगरानीमा राखेर सुपरीवेक्षण गरिरहनुपर्ने हुन्छ । प्रभाव तथा दबाबमा पर्नु हुँदैन ।

४. कमजोर संस्थागत सुशासन भएको संस्था लामो अवधि टिक्न सक्दैन । कुनै बेला हाईहाई भए तापनि आखिर यस्तो संस्थाले ग्राहक, सेयरधनी, नियामक निकायदेखि सरकारलाई सम्म तनाव दिन्छ ।

५. व्यवस्थापन या ठूला सेयरधनीहरूबीच तालमेल नभई तनाव र आपसी मनमुटावका साथ अघि बढिरहेका संस्थाहरू लामो समय आफ्नो लक्ष्यअनुसार टिक्न सक्दैनन् ।

६. बैंक तथा वित्तीय संस्थाहरूको समस्याको अन्तिम अवस्थामा सेयरधनीहरू जिम्मेवारीबाट बाहिरिन्छन् या केही गर्न नसक्ने अवस्थामा पुग्छन् । अनि जिम्मेवारी नियामक निकाय र सरकारले लिनुपर्ने हुन्छ, यसर्थ राम्रो अवस्थामा चल्दै गर्दा यस्ता संस्थाहरूले नाफा मात्र नहेरी सरकारको लक्ष्य प्राप्तिमा सहयोगी भूमिका खेल्नुपर्दछ । नियमनकारी निकायका निर्देशनलाई मर्मको हिसाबले बुझेर काम गर्नुको सट्टा तँछाडमछाड गरेर अघि बढ्न खोजेमा बैंकहरू डुब्ने बाटोतिर लागे भनेर बुझ्नुपर्दछ ।

*(लेखक ज्ञवाली ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत हुन्)*

# हाइटी बन्ला तर नेपाल बन्दैन

**सन्तोष अधिकारी**

फिनल्यान्ड सरकारले कामदारका निम्ति नयाँ समयतालिका निर्धारण गरेको छ । साताको ४ दिन दैनिक ६ घन्टामात्र काम गरेर नागरिकले रमाइलोसँग जीवनयापन गर्न सकुन् भन्ने उद्देश्यले व्यवस्था गरिएको हो । विश्वका अरु समृद्ध मुलुकमा पनि यो चर्चाको विषय बनेको छ । विश्वको सानोमध्येकै युरोपियन मुलुक लक्जेम्बर्गको जनसंख्या ६ लाख जति छ भने प्रतिव्यक्ति आय करिब ४४ हजार डलर छ । भर्खरै मार्च १ बाट लागू हुनेगरी सबै नागरिकलाई यातायात निःशुल्क बनाइएको छ । असल राज्यमा कसरी समानताको अभ्यास हुन्छ र नागरिकले स्तरीय जीवनयापन गरिराखेका हुन्छन् भन्ने उदाहरण युरोपका धेरै देशमा देखिन्छ । सार्वजनिक पदमा बस्नेहरू राज्यको ढुकुटीको दुरुपयोग गर्नु अपराध ठान्छन् ।

अर्कोतर्फ सामान्य नागरिकमा पाइने जवाफदेही र इमानदारी लोभलाग्दो छ । आम्दानीअनुसार देशलाई कर बुझाएर योगदान गर्न पाएकोमा नागरिकहरूले गौरवान्वित महसुस गर्छन् । नेतृत्व इमानदार भएर आफूलाई भन्दा समग्र राज्यलाई बलियो बनाउन लागे जनता स्वतः देशप्रति बफादार भएर काम गर्छन भन्ने उदाहरण हुन् यस्ता देशहरु । विडम्बना, विश्वका धेरै देशहरु यसरी अघि बढिरहेका बेला नेपालको सुई भने उल्टो दिशातर्फ घुमिरहेको छ । फिनल्यान्ड वा लक्जेम्बर्गजस्ता देशका नेता जनतालाई कसरी थोरै काम गराएर धेरै सुविधा दिन सकिन्छ भनेर नीति निर्माणमा लागेका छन् तर नेपालका नेता भने राज्यको दोहन गरेर व्यक्तिगत सम्पत्ति आर्जन मस्त देखिएका छन् । यसरी नेतृत्व नै जसरी पनि सम्पत्ति आर्जन लागेपछि व्यापारी, उद्योगी, कर्मचारीलगायतले इमनदार भएर राज्यलाई कर बुझाउलान् ? अवश्यै बुझाउदैनन् । अनि राज्य समृद्ध बन्न सक्छ ? सक्तैन ।

राज्य समृद्ध नभएसम्म फिनल्यान्ड र लक्जेम्बर्गको जस्तो समुन्नत, समृद्ध र सुखी नागरिक बन्ने कल्पना पनि गर्न सकिँदैन । देशको आकार र भौतिक, प्राकृतिक स्रोत साधानले भन्दा चुस्त व्यवस्थापन र पारदर्शी पद्धतिले जनतालाई खुसी बनाउँछ । नेपालमा भने नीति बनाउनेदेखि कार्यान्वयन गर्ने ठाउँसम्म पुगेका पात्रहरु नागरिकमा आशा र विश्वासको सञ्चार गर्नुको सट्टा राज्यशक्ति दुरुपयोग गरेर धन कमाउन लागिरहेका छन् । राज्यलाई कंगाल बनाएर जनतालाई खुसी हुँदैनन् । देशमा अपारदर्शीता, असमानता र भ्रष्टाचार भए नागरिकले समृद्ध जीवनयापन गर्न सक्तैनन् । त्यस्ता देशका नागरिक सुख र खुसीको खोजीमा पलायन भएका थुप्रै उदाहरण छन् । संभावना भए पनि असमानता र भ्रष्टाचारले थलिएको मुलुक हो दक्षिण अमेरिकी देश ब्राजिल । बिश्वको पाचौं ठूलो यस देशमा धनी र गरिबबीचको खाडल धेरै गहिरो छ । भनिन्छ, जलस्रोतमा विश्वकै धनी भए पनि असंख्य जनता शुद्ध पानी नपाएर छटपटाउन विवश छन् ।

राज्यद्वारा सञ्चालित शिक्षण संस्थाको अवस्था उस्तै दयनीय छ । निम्नमाध्यमिक तहमा अध्ययन गर्ने बालबालिका साधारण अंक र अक्षरसमेत राम्रोसँग खुट्याउन सक्तैनन् । त्यही देशका धनी शासक वर्गका छोराछोरीका लागि स्तरीय निजी विद्यालय छन् । यस्तै बेथिति, असमानताका कारण नेपालमा जस्तै काम गर्नसक्ने ब्राजिलियनको ठूलो हिस्सा पलायन भएको छ । रसियाबाट केहि दशकअघि मात्र स्वतन्त्र भएका युरोपका इस्टोनिया, लिथुनिया, लाटभियाजस्ता देशले पश्चिम युरोपको सिको गर्दै विकासको तीव्र गतिमा आफूलाई अघि बढाइरहेका छन् । रोमानिया भने अझै पिँधमा बसेर युरोपतर्फ चियाइरहेको छ । देशका सक्षम नागरिक भने अवसरको खोजीमा युरोपका अरु समृद्ध देशमा पलायन भइराखेका छन् । युरोपियन युनियनमा आबद्ध आठौं ठुलो यो देश भने आजपर्यन्त भ्रष्टचारकै कारण अघि बढ्न नसकेको भन्दै अनुसन्धानकर्ताका लागि अध्ययनको सामग्री बनिराखेको छ ।

धनी र समृद्ध छिमेकी भएकै आधारमा देशको कायापलट हुँदोरहेनछ भन्ने प्रमाण हो रोमानिया । रोमानियालाई माथि उठाउन युरोपेली युनियनले ठूलो धनराशि सहयोग गर्दैआएको छ । तर, अपारदर्शी शासन र असमान जीवनशैलीले न यो देश माथि उठेको छ न यहाँका जनता देशमै केही गर्न सकिने विश्वासमा छन् । नेपालले अहिले पछ्याइरहेको बाटो ब्राजिल र रोमानियाको जस्तै असमानता र अपारदर्शिताको हो । सानो भएर पनि पद्धतिमा अब्बल फिनल्यान्ड र लक्जेम्बर्गको सिको गरेमात्र देशलाई अघि बढाउने परिवर्तन हुन सक्ला । अन्यथा, चरम गरिबी, भोकमरी र द्वन्द्वको सामना गरिराखेको हाइटीले बरु समयक्रमसँगै परिवर्तनको बाटो पक्रेला तर नेपालको अवस्थामा सुधार हुनेछैन ।


# होटल चाहियो ? हामी छौं तयार

काठमाडौंको मुटु मानिने सुन्धारामा सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं ।

**हाम्रा सुविधा तथा विशेषताहरु**

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने ।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने
- बालश्रममुक्त होटल
- पारिवारिक वातावरण

## होटल सनराईज प्लाजा प्रा.लि.

पोखरालाईन, सुन्धारा, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ५९०४१५८
इमेल hotelsunrise48@yahoo.com

# मणिमुकुन्दको इतिहासमाथि कम्युनिस्ट अतिक्रमण

बुटवलस्थित मणिमुकुन्द सेन उद्यानको ऐतिहासिक महत्व पनि छ। परन्तु, अहिले त्यहाँ पसेर हेर्दा यो ठाउँ इतिहासको धरोहरभन्दा बढी कम्युनिस्ट शासनको तरिका बुझाउने कुरुप शैलीमा व्यवस्थित छ वा गरिँदैछ। उद्यानको सपना देख्नेलाई कसैले नदेखोस् भन्ने गरी अनाम बनाइएको छ। पृथ्वीनारायण शाहको राष्ट्र विस्तार पछि नेपाल राष्ट्र निर्माणकै परिणाममा रुपान्तरित भयो। त्यसक्रममा पृथ्वीनारायण शाहको तत्कालीन गोरखा(गोर्खा)राज्य भनेर चिनिने र पछि नेपाल राज्यमा गाभिएको यो ठाउँ त्यसबेला राजा मणिमुकुन्द सेनको राज्य, राजधानी हो। अर्थात्, पाल्पाको तानसेन त्यतिबेलाको राजधानी भए पनि सेन राजाहरू प्रायः यहीँ बसेर शासन चलाउँथे भन्ने विश्वास स्थानीयमा छ। यो विश्वास ऐतिहासिक रुपले पनि भरपर्दो छ।

कुनैबेला यहाँको बस्ती र बजार क्षेत्र अर्थात् तिनाउ नदीपारि (जितगढी, उद्यानतिर) बुटवल नामले चिनिन्थ्यो र वारिलाई खस्यौली पुकारिन्थ्यो। तर, अहिले वारिपारि दुवै ठाउँलाई बुटवल भनेर चिनिन्छ। खस्यौली स्मृति र इतिहासको कालखण्डमा मात्र शेष छ। हिजको खस्यौलीले अहिले बुटवलको पहिचान आफैँमा भित्र्याएर जितगढीको बुटवललाई मौका परे गिज्याउने मुडमा देखिन्छ। अन्य कारणमा सुनिएको साम्राज्यवाद ठाउँको नाम हरण गर्ने कारकमा पनि अनूदित हुन्छ कि के ? खस्यौलीले पहिचान गुमायो कि बुटवलले विस्तार पायो ? चुरे पहाडको लमतन्न काखमा अवस्थित त्यतिबेलाको बुटवलमा अहिले पनि जितगढी किल्ला सबैको लागि खुला छ। इतिहासका अध्येताहरुको लागि विजयको कुनै रहस्य बोकेर त्यो ठाउँ जीर्ण भए पनि जीवित छ। देख्नेहरुका लागि जितगढी संरक्षणको पर्खाइमा लाग्छ। यहाँस्थित विद्यालयको नाम र स्मारकमा लेखिएको उजिरसिंह थापा राजा सेनको समयका सैनिक प्रमुख थिए। उनै नेतृत्वको सेनाले अंग्रेजलाई हराएर यो राज्य बचाए। त्यही जितको जितगढी अहिले भने उपेक्षित देखिन्छ।

अहिलेको नेपाल बाइसे, चौबीसे राज्यमा विभक्त हुँदाका बेला राज्य र गढी प्रायः पहाडी टाकुरामा रहे, बसेको पाइन्छ। यही जितगढी हो जो समथर मैदानमा छ। श्रीनगर, तानसेनको पानीढलो बग्दै पहाडी कोखलाई चिरेर तिनाउ नदीले दुई साप्रे बनाएको यो ठाउँ खस्यौली, बुटवलको उत्तर चुरे शृंखलाबाहेक फराकिलो पूर्व, पश्चिम र दक्षिण त आँखैभरि लमतन्न समथर भैरहवा तराई। यो जमिनको अवस्थिति र इतिहास उसकै काखमा छ। तर, मणिमुकुन्द सेनको ऐतिहासिक भूमिसँग कम्युनिस्ट शासकले गरेको मनपरी बुटवल नगरको यथार्थ हो। त्यतिमात्रै होइन, कम्युनिस्ट शासन जहाँ र जति भए पनि योभन्दा भिन्न हुदैन भन्ने प्रमाण पनि बुटवलको यो उद्यानले बताएको छ, वाध्यता हो। मान्छे बोल्दैन, उद्यान बोल्न सक्दैन। अमुक र प्रतिरोधहीन इतिहास र उद्यानमाथि कम्युनिस्ट सोचको शोषण शैली यहाँ प्रस्टै देखिन्छ।

अनाम त के भन्नु ? तर अंकको



कुलचन्द्र वाग्ले

पाँच नामले चिनिने प्रदेशको राजधानी यही बुटवल भनिन्छ। अनाम प्रदेशको राजधानी यहीँ बस्ने कि अन्त सर्ने ठेगान नभएरै अंकमा पहिचानको पुकार छ। दुई वर्ष बढी भयो न्वारनको नाम नपाएको शुद्धोधनको राजधानी बुद्धनगरीले। तर, राजधानी कुनै नवजात शिशु होइन। त्यसैले यहाँका शासकले अन्यथा चाहिँ मान्नुपर्दैन। कुरा ऐतिहासिक धरोहर मणिमुकुन्द सेन नामधारी उद्यानको हो। अहिले उनी पनि छैनन् र उनका रक्षक उजिरसिंह, सेनाहरु पनि छैनन्। कम्युनिस्ट टापले गौरव इतिहासको टाउको टेक्दा तिनका नदेखिने आँसु झर्लान् तर सेन, सिंहको विद्रोही, विजेता आवाज अब यहाँ सम्भव छैन। त्यसैले इतिहासमाथि निर्लज्जहरु त्यस्तै अतिक्रमण, अर्को ठेटशब्दमा 'बलात्कार' गर्छन्। जस्तो अहिले चारैतिर सुनिने निर्मलाहरुजस्तै विवश पारिन्छन्।

मणिमुकुन्दको खण्डहर दरबारको आंशिक अवशेष अझै यहाँ छ। एक पाखे, एउटा भित्तोजस्तो देखिने झाडीले घेरिएको, जीर्ण खण्ड। यहाँको गरिमा यसै खण्डसँग जोडिएको कालखण्डको इतिहास हो जुन जितगढीसँग अभिन्न छ। त्यो इतिहासको दुर्गति खण्डहरले बुझाउँछ। उद्यानमा हुर्काइएका रुखहरु शितलता दिने होलान् तर ती परा इतिहास होइनन्। तिनाउ नदी किनारमा भेटिएको प्रागऐतिहासिक मानव अवशेष हेर्दा अनुमानमा रामापिथेकसको सालिक लाग्ने नाङ्गो सिमेन्ट मूर्ति उद्यानमा देखिन्छन्। दुई त्यस्ता सिमेन्ट निर्मित मूर्तिको पहिचान लेख्ने जाँगर उद्यानका कम्युनिस्ट शासकहरुलाई छैन। त्यसैले 'तुरीको टुसो' निकालिएको बाँदरे आकृति कोप्रे ती मूर्ति आफ्नै अनुहारमा हेरेर मानव पुर्खाको अनुमान अलिकति बुझ्नेले गर्दा हुन्, अनाडी त हाँस्ने नै भए, नाङ्गो नरबानर प्रतीक देखेर। तर, यहीँ अर्धकदका भव्यमूर्ति, बलियो घेरबारको सुरक्षाकवचभित्र मदन भण्डारी र जीवराज आश्रितको। फूलमालाले सजाइएको। स्वर्गीय उनीहरु भन्नसक्दैनन् - 'इतिहासमाथि अन्याय नगर, हाम्रो नाममा इतिहासको बलात्कार नगर।' तर मूर्ख स्वामीभक्तहरु बुझ्न तयार हुँदैनन्। इतिहासको स्पष्ट दुर्गति भन्नोस् कि शोषण यहाँ भेटिन्छ। मानौं यो ठाउँ इतिहास होइन कम्युनिस्टहरुले आर्जेको भूमि हो। मणि र उजिरसिंह होइन अंग्रेज भगाउने यिनै दुईपात्र यहाँ थिए, हसियाहथौडाधारी। अलि पर हेर्यो हसियाहथौडाको सानदार 'अविवेकी' स्तम्भ। ऐतिहासिक भूमिमा होइन, शुल्क तिरेर कम्युनिस्ट पाठशालामा पसेजस्तो मणिमुकुन्द सेन नाम दिइएको उद्यानमा। उद्यानकै नाम र इतिहासको भाव पाउन चाहने घुमन्तालाई कम्युनिस्ट शासनले गर्ने अधिनायकवादी अतिक्रमणको नमुना लाग्छ 'बलात्कृत' यो ठाउँको अस्मिता, अस्तित्व।

अर्को शोषण साच्चै उद्यानको स्वप्नद्रष्टाप्रति यहाँको कम्युनिस्ट सत्ताले गरेको रहेछ। बुटवल उपमहानगर पालिकाको कम्युनिस्ट सरकारलाई इंगित गरिएको हो यहाँ। झन्डै दुईवर्ष अघि उद्यानमा पस्दा एउटा अनौठो र झुटो बोर्ड पढ्नुपरेको थियो। त्यो बोर्डमा लेखिएको नाम र कामको सन्देश उद्यान बनाउने प्रस्तावक यहाँका कम्युनिस्ट नगर प्रमुख हुन् भन्ने लाग्थ्यो। मेट्न खोजिएको यथार्थले थिच्न थालेपछि होला अहिले त्यो असत्य बोर्ड हटाइएछ। सायद, नगर प्रमुख पनि फेरिएर हो कि ? झुठको साक्षी त्यो बोर्ड त्यस ठाउँमा यसपटक देखिएन अन्तै होला। अहिले पनि यहाँ त्यस्तै नेतृत्व छ जसले 'सयौंपटक भनेपछि झुठ पनि सत्य मानिन्छ' भन्ने कम्युनिस्ट पाठशालाका विद्यार्थी। प्रजातन्त्र पुनःस्थापनापछि पहिलोपटक (२०४९)तिर भएको स्थानीय निकायको चुनावमा बुटवल नगरपालिकाको प्रमुख सूर्यप्रसाद प्रधान र उपप्रमुख रामप्रसाद खनाल चुनिए। यी दुईपछि यहाँको चुनाव सधैं कम्युनिस्टले जितेका छन्। प्रमुख प्रधानको समयमा हामी नेपाल प्रेस युनियनको पदाधिकारी थियौं। तारा बराल अध्यक्ष, पंक्तिकार महासचिव। कार्यक्रमको सिलसिलामा आएका आठ, दसजना हामीलाई यही उद्यानको 'ठाउँ'मा लगियो प्रमुख प्रधानको नेतृत्वमा। नेता हरि लम्साल र त्यतिबेला रुपन्देही प्रेस युनियनका सभापति खिमानन्दसमेत बुटवलका सबै पत्रकार साथीहरु निम्त्याइएका रहेछन्। मैले पहिलोपटक त्यो ठाउँ देखें, टेकें। पहाडी काख, जंगलको ठाउँ, एउटा झुप्रे तर अस्थायीजस्तो लाग्ने पसलबाहेक मानव बस्तीको अर्को कुनै नमुना त्यहाँ थिएन। सम्झना छ, खण्डहर देखिने दरबार अहिलेभन्दा अलि भरिलो चाहिँ थियो।

ओरालो, भिरालो। भर्खर सम्याइएको धुले सानो मैदान। प्लास्टिकका कुर्ची। भुँइमा ओछ्याइएका टुक्रे दरी (टाट)। चानचुने जंगली हाबालाई धेग्ने गरी दरो तरिकाले टाँगिएको त्रिपाल, सामियाना। अस्थायी लाग्ने झुन्ड्याइएका बिजुली बल्ब र तिनको एकनास उज्यालो। र, खारिएको जमिनमा छड्के गाडिएका रंगीन इँटा। हामी खुब रमायौं। प्रमुख प्रधान पनि रमाएकै शैलीमा हामीलाई उत्साहित पारेजस्तो लाग्छ अहिले। त्यहाँको यस्तो चित्र, अहिले पनि छ मभित्र। तर, किन त्यहाँ लगियो, बुझेको चाहिँ एकैछिन पछिमात्र हो। रमाउनुअघि प्रमुख प्रधानले गम्भीर भावशैलीमा त्यो ठाउँको इतिहास सुनाउनुभयो। उद्यान बनाउने सपना बाँड्नुभयो र प्रचारप्रसारको लागि साथ दिन पत्रकार साथीहरुलाई हार्दिक अनुरोध गर्नुभयो। 'यी इँटा त्यही उद्यानको संरचनाको लागि हो, तपाईंहरुको उपस्थितिसमेत मणिमुकुन्द सेन उद्यान (पार्क) निर्माण प्रारम्भ भएको जानकारी सबैमा पुर्याउन हो।' उद्यानका लागि त्यहीबेलातिर इँटा गाडिएको हो। तर, त्यही नगरको इतिहासमा यो सत्य लुकाइएको छ। त्यहाँ देखिँदैन।

हुनुपर्ने जसको नाममा उद्यान उसको सालिक। रामापिथेकसको भव्यमूर्ति। उजिर सिंहको इतिहास बुझाउने लेखोट। त्यही लेखट पढेर अलि तलको जितगढी जाउँजाउँ लाग्नुपर्ने। यो ठाउँ प्रदेश ५ बुटबलको गौरवमात्रै होइन, नेपाल देशकै वीरताको गाथा हो। देशी, विदेशी घुमन्ताले रामापिथेकस पढेर नेपालमा मानवसभ्यताको उद्भावको सन्देश सिक्नुपर्ने। अंग्रेजले जिब्रो टोक्नुपर्ने। तिनाउ नदी किनारले रामापिथेकसको बंगारा दिएर नेपालको मानव सम्यतालाई विश्व प्राचीन पहिचान दिएको छ। एसियाकै पहिलो मानव अवशेष विश्वको दोस्रो मानिन्छ। रामापिथेसकको अवशेष एक करोड दसलाख वर्ष पुरानो र प्रागऐतिहासिक मानिएको छ। यसभन्दा पहिलो केन्या र टर्कीमा भेटिएका अवशेष एक करोड चालीस लाख वर्षका मानिने पुरातात्विक निचोड रहेछ।

यस्तो ऐतिहासिक र प्रागऐतिहासिक गौरव भएको यस बुटवल नगरीमा कम्युनिस्ट नेता भण्डारी, आश्रित र .अविकासको प्रतीक हसियाहथौडाको मूर्ति राख्ने ठाउँ अन्त नभेटिएर यहाँको इतिहासको मानमर्दन वा अतिक्रमण गरिएको हो कि ? त्यहाँ वनभोज ( पिकनिकका लागि सेड बनाइएको ) जाने वा पिङ खेल्न जाने र देश विदेशबाट आएका घुमन्ताले गौरवशाली इतिहास पढ्न पाउनुपर्ने। तर, इतिहासको खण्डहर असुरक्षित छ। कम्युनिस्ट नेता सजाइएका छन्। लाज मान्नुपर्ने। कम्युनिस्ट नेताहरुले सच्याऊन्। इतिहास, संस्कृति र मानवसभ्यताको लाज बचाउने ज्ञान तिनमा आओस्।

## Empty Hands

Alexander the Great was an ancient Macedonian ruler who lived in 336BC. He came to the throne after the murder of his father Philip II. He was only 19 at the time. However, as a child Alexander had dreamed of becoming a heroic warrior, this desire for adventure was encouraged by his tutor Aristotle. Whilst only being in his teens he went and served his country in his first military expedition, against the Thracian tribes. Even though he was very young he took charge of the Companion Cavalry and aided his father in defeating the Athenian and Theban armies at Chaeronea. This garnered him the support of the Macedonian army, including the general and troops he had had fought with at Chaeronea after his father's death, to aid him in taking the throne and removing any other pretenders to it. Alexander today is remembered as one of history's greatest military minds. He was a brilliant military strategist. Once Alexander had solidified his throne at home he started to conqueror the neighboring countries in an eastward direction including, on today's map, Afghanistan, Azerbaijan, Bahrain, Iraq, Iran, Pakistan, Tajikistan, Uzbekistan, Kuwait, Lebanon, Israel, Syria, Turkey, Egypt, Libya, part of northern Greece, Bulgaria and the United Arab Emirates were more or less included. Although Alexander's army was outnumbered on many occasion, he used his flair for military strategy to create formations that defeated the other armies. After conquering Pakistan Alexander passed through the Punjab in western India. His desire was to conquer the whole world and at that time India was believed to be the end of the world. However, by this time his army was exhausted and wanted to go home to their families so he reluctantly turned south advancing through southern Punjab and Sindh, along the way conquering more tribes along the lower Indus River, before finally turning westward and home. As a result of all his conquests Alexanders achieved great wealth and was the richest man ever to exist. But he didn't keep the wealth for himself. He gave away a large sum of money, the equivalent of billions of pounds, to his old tutor Aristotle to start a university. He also remembered his troops and gave huge bonuses to them because he didn't, as a rule, allow them to loot the cities of the Empire.



While planning the conquests of Carthage and Rome, Alexander the Great died of malaria or typhoid fever both very common illnesses at the time in Babylon (now Iraq). He died on June 13, 323 B.C. and was just 32 years old. It was a sad end to a great soldier. One of the dying requests that Alexander made was that when he was laid in the coffin that his hands were to be placed on his chest with his palms turned outward. The reason for this was so that the people could see, that despite the great wealth and power that he had, that he left this world empty handed. There wasn't one thing of all his vast possessions that he took with him. This is a fact that we all need to remember. Regardless of how rich you become there is a day coming when you will leave it all behind. The apostle Paul declared, "we brought nothing into this world, and it is certain we can carry nothing out" I Timothy 6 v 7. The only thing that you possess that you will take with you when you die is your soul. Therefore, it is vital that you make sure that it is well with your soul. It may be well with your business, your profits and your finances. But is it well with your soul in the light of eternity? Because when you come to die, that is all that will really matter.

**P.Pilgrim**, Pilgrimway101@yahoo.com

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन्। यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्दछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
काठमाडौं - ११, काठमाडौं

# समकालीन नेपाली कविता : बहस र वास्तविकता-९

## साहित्य संसार

प्रा. डा. ऋषिराम शर्मा

**९. सुझाव**

(१) समकालीन कविताको स्तरीयताका बारेमा उठेका बहस र चर्चा परिचर्चामा भए जस्तो समकालीन कविता कमजोर छैन तर उक्त बहस र चर्चा हुनुलाई समकालीन कविले आफ्नो स्वस्थ आलोचनाका रूपमा लिई कलमको औजार अर्जाप्नु वाञ्छनीय छ ।

(२) नेपाली कविता काठमाडौँ र सहरकेन्द्री होइन हिमाल, पहाड र तराईका गाउँ, बस्ती, चुलो, चौको, धारो तथा त्यहाँका मानिसका विवशता, बाध्यता, अभाव, समस्या, रोग, भोकको कलात्मक चित्रणमा बढी लाग्नु आवश्यक छ ।

(३) कतिपय समकालीन कविले आफ्नो युगका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय भाषामा लेखिएका उत्कृष्ट साहित्य तथा कविताको थप पठन र मर्मबोधका साथै अतीत र पूर्व परम्पराका उत्कृष्ट साहित्य र कविताको पनि मर्मबोध गर्नु आवश्यक छ ।

(४) पूर्व परम्परालाई हेर्ने हो भने धेरै कविहरूका भीडबाट केही कविहरू (सबै कविता होइन) र तिनका केही कविताहरू मात्र चिरस्थायी र दीर्घजीवी रहने हुदाँ वर्तमान कविहरूका भीडबाट पनि केही कविहरूले मात्र निजात्मकता, स्तरीयता र मौलिकता स्थापित गर्न सक्ने र ती केही कविहरूका सबै कविताको भीडबाट केही कविताले मात्र परम्पराभन्दा पृथक् पहिचान र विशिष्टता प्रदर्शन गर्ने हुँदा समकालीन कविहरूमा आफ्नै कविताहरूलाई समेत प्रतिस्पर्धी ठानी ती भन्दा विशिष्ट र उत्कृष्ट कविता रच्ने हुटहुटी जाग्नु वाञ्छनीय छ ।

(६) विम्बैविम्बको भारी बोकाएर कवितालाई दुरुह बनाउने र सरलताका नाममा कवितालाई कलात्मक सौन्दर्यबाट स्खलित तुल्याउने दुवै पक्षतर्फ कविहरू सचेत हुनु जरुरी छ तर यदि विम्बै विम्बको प्रयोग भित्रबाट पनि जीवन- जगत्मा जटिल यथार्थको अभिव्यक्ति हुने, पाठकमा रुचि र आकर्षण पैदा हुने, कथनमा सघनता र तीव्रता पैदा हुने वा सौन्दर्य सिर्जना हुने हो भने विम्बैविम्ब भएका कविता पनि उत्कृष्ट बन्न सक्छन् भने अत्यधिक सरलता भित्रबाट स्वाभाविक प्राकृतिक एवं सहज सौन्दर्य उद्भासित हुने गरी कथ्यलाई प्रस्तुत गरिएको छ भने न्यून विम्बयुक्त कविता पनि राम्रा नमुना बन्न सक्छन् ।

**१०. निष्कर्ष**

समकालीन कवितामा उठेका बहस र कविताको वास्तविक स्थितिको विषयलाई निर्ष्कषका रूपमा यहाँ प्रस्तुत गरिएको छ :

(१) भाषिक नियम भञ्जन गर्नु, जटिल संरचनामा कविता रच्नु कविताको शक्ति र नवप्रयोगका दृष्टिले धनात्मक र पाठकीय लोकप्रियताका दृष्टिले ऋणात्मक हुनसक्ने, त्यस्तै भाषिक काव्यिक नियमको भञ्जन गरेर सरल कविता लेख्नु लोकप्रियताको दृष्टिले धनात्मक भए तापनि शक्तिका दृष्टिले ऋणात्मक हुनसक्ने ।

(२) उपमानको पुनर्नवीकरण र नवीन उपमानको प्रयोग चाँहि कविताको शक्ति, मौलिकता र पाठकीय लोकप्रियताका दृष्टिले धनात्मक देखिनु ।

(३) मिथकीय ऐतिहासिक र सास्ँकृतिक विम्बको युगानुकूलन वा सामाजिकीकरण कविताको शक्ति वा लोकप्रियताका दृष्टिले धनात्मक र शक्तिशाली देखिनु ।

(४) रुढ कोशीय र सामान्य अर्थयुक्त शब्दमा नयाँ (कविको कथ्य, सन्देश वा अभिव्यक्तिलाई सघन तुल्याउने) खालका अर्थहरूको आरोपण, संक्रमण र ध्वनन गर्ने प्रवृत्ति परम्परागत प्रवृत्ति भए पनि त्यसको रुढिमुक्त प्रयोग हुनु समकालीन विकृति, विचारशून्यता, विसङ्गति, अव्यवस्था, अराजकता, अपबित्र गठबन्धन, क्रान्ति विरोधी चरित्र जस्ता अर्थमा प्रयोग हुनु तथा उपमानहरूको प्रयोगबाट यथार्थको जीवन्त, चित्रमय, दारुण अवस्थाको स्वाभाविक एवं चित्रात्मक प्रस्तुत गर्ने प्रवृत्तिलाई समकालीन कविताको विशिष्ट प्राप्ति मान्न सकिने ।

(५) कथ्यको विविधता पूर्ववर्ती कविताका तुलनामा अत्यधिक पाइनुलाई समकालीन कविताको प्राप्ति मान्न सकिने ।

(६) शास्त्रीय काव्य शिल्पलाई अँगाल्दै छन्दमा कविता रचना गर्नु र ती कविता सुमधुर लयमा वाचन हुनुले पाठक/स्रोताहरूको रुचि छन्द कवितामा बढ्दो हुनु र यसले छन्द कवितामा पुनर्जागरण आउनु तथा यसै कारण समकालीन कविताको लोकप्रियताको झल्को पाइनुलाई समकालीन कविताको प्राप्ति मान्न सकिने ।

अन्त्यमा भन्नु पर्दा लेखनाथका कवितामा ची ची गर्दै विलाप गर्ने चरी र घरको दलिनमा बसी चिरविराउँदै नीति चेतनाको पाठ पढाउने महान् गौँथली आजका कवितामा भेटिन्नन् । आज त रङ्गभेद विरुद्ध र पहिचानका पक्षमा डुक्रने केशव सिलवालको चिबेचरो छ । भर्खरै जुँगारेखी पलाएको तरुणवयको गीत गाउँदै मुस्कुराउने घिमिरेको नवयुवक आजको कवितामा कमै देखापर्छ । आज त निचोरिएको कागतीजस्तो अनुहार लिएर सिटी सेन्टरमा डमी युवतीका अनुहार हेरेर घुटुक्क थुक निल्ने के.सी. को ग्रामीण युवक छ अनि घरी आफ्नो नाङ्गो जिउ र घरी झन्डा हेरेर ट्वाल्ल पर्ने दिनेश अधिकारीको हर्कबहादुर छ । देवकोटाकी कुञ्जिनी, मुना, कृषिवाला र लूनीको महानता उस्तै छ तर आजका कवितामा चाहिँ सरस्वती प्रतीक्षाकी 'होमकुमारी', निभा शाहकी 'मनसरा', स्व. स्वप्निल स्मृतिकी 'सीतादेवी नेपाली', रेशम विरही घिमिरेकी 'मङ्गली गुप्ता', रमेश सायनकी 'धनीमाया थारू-वर्ष चौरासी' ले आफ्नो परिवेशमा भोगेका दुःख, पीडा, सङ्घर्ष, वेदना र संवेदनागत अनुभूतिहरूको सर्वोच्चता पस्किरहेकै छन् । अहिलेका कवितामा श्रवण मुकारुङ हाम्रा आदिकवि भानुभक्तलाई रिणमा डुबाएर मलेसिया उडाउँदैछन । मायादेवीलाई वृद्धाश्रममा थन्क्याउन लगाएर रमेश सायन बुद्धसँग भट्टीमा बसेर रक्सी पिउँछन् र बुद्धलाई आफ्नै उपदेशको विखण्डन गर्न लगाउँछन् । यसरी आजका कविताका विषय र शिल्पको नव प्रयोगले नयाँ उचाइ चुमेको छ, कथनभङ्गिमा वा अभिव्यक्ति कौशलले नयाँ शिखर छोएको छ । आजका कवितामा देखिने यो ताकत चानचुने छैन र चानचुन छ भन्नु पनि विचारणीय छ, हो आज कविहरूको भिडमा सबै कविताहरूमा यो शक्ति छ भन्न अत्युक्ति होला तर जुन जुन कविहरूमा यस्तो शक्ति छ यस सत्यलाई नस्विकार्नु पनि आग्रह र दृष्टिदोष हुन सक्छ ।

# पढेका कुरा सम्झने कसरी !

**चिरञ्जीवी लामिछाने**

धेरै विद्यार्थीका लागि पढ्नु भनेको एउटा कठिन काम हो । 'किन यत्रो धेरै पढ्नु परेको होला ?' भनेर धेरै विद्यार्थी गुनासो गरिरहेका हुन्छन् । कसै कसैले आफूले जति पढे पनि दिमागमा नरहने भन्दै चिन्ता प्रकट गरिरहेका हुन्छन् । अर्थात् पढ्ने कुरा थोरै भइदियोस् वा पढ्नु नै नपर्ने अवस्था सिर्जना होस् वा पढेको कुरा सम्झि रहियोस् । धेरैले यो पनि सोच्दछन्, "जान्ने" वा "पढनदास" हरूले मात्र राम्ररी पढ्न सक्छन् ! वास्तवमा "जान्ने" हरूले पढ्ने हो कि पढ्नेले जान्ने हो ? धेरै जसो मानिसलाई पढाइ लेखाइको काम गाह्रो लाग्नुका पछाडि धेरै कारणहरू जोडिएका हुन्छन् । कतिले यस्ता कारणको खोजी गरेर समाधान तिर जान्छन् भने अरु कतिपय चाहिँ पढाइबाट दिक्क मान्दै भाग्न मात्र खोजिरहेका हुन्छन् । पढ्न र सम्झनका लागि विभिन्न तरिकाहरूको प्रयोग गर्न सकेमा थोरै समयमा पनि धेरै उपलब्धि हासिल गर्न सकिने, पढाइको तनाव कम हुने, सिकाइबाट साँचो अर्थमा आनन्द प्राप्त हुनाको साथै यसबाट नै जीवनको लक्ष्य प्राप्त गर्ने कुरामा सहयोग पुग्दछ ।

पढ्ने र सम्झने कला अपनाउन सकेमा वास्तवमा नै पढाइ निरस, दिक्कलाग्दो र कठिन नभई आनन्ददायक, फलदायी र दिगो हुन सक्दछ । पढेलेखेका कुरालाई राम्ररी सम्झनका लागि केही सरल उपायहरूको चर्चा तल गरिएको छ स

**१. मौन अध्ययन गर्ने**

विशेष गरी भाषागत कुराहरू (तभहतगबा ृबततभच) पढ्दा आवाज निकालेर पढ्नुको सट्टा मौन वाचन (मनमनै पढ्ने काम) गरेमा ध्यान केन्द्रित हुने, थोरै समयमा धेरै कुरा पढ्न सकिने मात्र नभई पढाइबाट छिट्टै थकान अनुभव हुन पनि पाउँदैन । बोलेर पढेका बेलामा त्यसको भावतिर भन्दा पनि आवाज तिर धेरै ध्यान जाने गर्दछ । तसर्थ विद्यार्थीले कुनै पनि भाषागत कुरालाई मौन रुपमा अध्ययन गर्नु राम्रो हुन्छ ।

**२. महत्वपूर्ण कुराहरू टिपोट गर्ने**

अनुच्छेद पढ्दा खेरी त्यहाँ भएका महत्वपूर्ण र अर्थपूर्ण शब्दहरू (पभथ धयचमक) छान्दै तिनीहरूलाई टिपोट गर्नु राम्रो हुन्छ । यसरी टिपोट गरिएका शब्दहरूलाई मात्र सम्झन सकेमा पनि पूरा अनुच्छेदको भावलाई नै बुझ्न गाह्रो पर्दैन ।

**३. शब्द र वाक्यहरूलाई कलात्मक बनाउने**

कतिपय बुँदागत कुराहरू, उदाहरणहरू, मितिहरू, स्थानहरू, प्रकारहरू तथा कुनै अनुच्छेदबाट टिपिएका महत्वपूर्ण शब्दहरूलाई सम्झनका लागि निम्न उपाय अपनाउन सकिन्छ

- तिनीहरूलाई टिपोट गरेर एक अर्का शब्दलाई मिलाएर अनौठो लाग्ने खालको शब्द बनाउन सकिन्छ ।
- शब्द वा वाक्यको पहिलो अक्षरहरू मिलाएर सुत्र बनाउन सकिन्छ ।
- सम्भव भएसम्म यस्ता चीजहरूको शब्दमाला, सांकेतिक चित्र तथा शब्द भित्रका अक्षरहरूबाट अनौठो आकृति बनाएर पनि यस्ता कुराहरू याद गर्न सकिन्छ ।
- सम्झनु पर्ने कुरालाई अनुप्रास युक्त (चजथकष्लन) बनाउने वा आफूलाई मन पर्ने गीतको लयमा ढालेर पनि याद गर्न सकिन्छ ।

**४. लेख्ने काम बढाउने**

कसैलाई धेरै पटक पढ्दा पनि याद नहुने समस्या छ भने लेखेर अभ्यास गर्नु राम्रो मानिन्छ । लेख्दा पनि आफूले बुझ्ने शैलीमा वा छोट्याएर लेखेर अभ्यास गर्दा प्रभावकारी हुन्छ । यसरी छोट्याएको कुरालाई पछि प्रस्तुत गर्ने बेलामा वा परीक्षामा बढाउन पनि त्यति गाह्रो हुँदैन ।

**५. दोहोऱ्याउने र दोहोऱ्याइरहने**

जुनसुकै तरिका लगाएर स्मरण गर्न चाहे पनि पढेका कुरालाई नदोहोर्याउने हो भने त्यसलाई मान्छेले सजिलैसँग बिर्सन सक्दछ । यसर्थ आफूले पढेका कुराहरूलाई दोहोर्याएर स्मरणको प्रयास गरिरहने वा अभ्यास गरेका कुराहरूलाई बेलाबखत हेरिरहने गर्नुपर्छ ।

**६. परीक्षाको तयारीमा रहेका विद्यार्थीका लागि**

यस्तो अवस्थाका विद्यार्थीले पहिलेका परीक्षामा सोधेका वा त्यही शैलीका प्रश्न वा प्रश्नपत्रलाई सीमित समयावधि भित्र हल गर्ने अभ्यास गरिरहनु पर्छ । यसरी अभ्यास गरेका कुराहरू के कस्तो हुन पुगे भनी थाहा पाउन दक्ष व्यक्तिको सहयोग लिन पनि सकिन्छ ।

**७. स्फूर्ति बढाउने कामहरूमा ध्यान दिने**

विद्यार्थीले दैनिक रूपमा कसरत गर्नुस योगाभ्यास गर्नुस सन्तुलित, सादा र हल्का भोजन गर्नु, शरीरमा पानीको मात्रा मिलाइरहने, अध्ययनको बीच बीचमा विश्राम लिने, पर्याप्त आराम र निन्द्रा पुऱ्याउन सकेमा शरीर र मस्तिष्क दुवै स्फूर्त हुने गर्दछ । यस्ता कुराले गर्दा स्मरण शक्ति बढाउन धेरै नै सहयोग गरिरहेको हुन्छ । अध्ययनहरूले के बताएका छन् भने मानिसको मस्तिष्कको क्षमता असीमित हुन्छ । यसको अर्थ सबैले कुनै पनि कुरालाई स्मरण गर्न सक्दछ । वास्तवमा कसैको पनि स्मरण शक्ति भगवानको देन (नयम नषतभम) नभइकन दिमागी कसरत र निरन्तरको व्यवहारिक अभ्यासको खेल हो । आफूमा सधैँ 'मैले स्मरण गर्न सक्छु' भन्ने आत्म विश्वास राखिरहन सकेमा पनि पढेका कुराहरू दिमागमा रहन सहयोग मिल्दछ । लामिछाने मकवानपुर बहुमुखी क्याम्पस हेटौंडामा प्राध्यापन गर्छन् । आफ्नै केही अनुभव र संसारमा भएका विभिन्न अध्ययनले फेला पारेको तथ्यका आधारमा उनले यो आलेख तयार पारेका हुन् ।

# शेरबहादुरजीले.....

म त्यो भन्न सक्दिनँ । कसैकसैलाई बाध्यता आए एउटा कुरा हो । तर यसपालि पार्टीलाई नयाँ गति दिन कसैलाई अगाडि सर्छौं । त्यसले निर्णयक रूप लिन्छ । बीचमा एक दुई जना आएर केही फरक पर्दैन ।

**० १३औं महाधिवेशनमा त फरक परेका थियो ?**

हाम्रो तयारी राम्रो नभएकाले फरक परेका हो । हाम्रो व्यवस्थापन एकदमै अव्यवस्थित थियो । तयारीविना महाधिवेशनमा जाँदा कसले के गर्यो थाहा भएन । यसपालि हामी वडाबाटै सतर्क छौं ।

**० त्यसो भए यस पटक तपाईं बीपी र गणेशमा बन्न तयार हो ?**

म चाहेर पनि बीपी र गणेशमान बन्ने होइन । त्यो परिस्थित हाम्रो कर्मले पुष्टि गर्छ । काँग्रेसलाई अहिलेको सङ्कटबाट उठाउँछु भनेर लागेको छु । मेरो ठाउँबाट मैले पार्टी र राष्ट्रलाई नै योगदान दिने सोच र फोर्सका साथ लागेको छु । काँग्रेस पार्टीलाई नेपाली जनताको भरोसाको केन्द्र बनाउने मेरो काम हो । त्यसमा म सफल भए भने मलाई इतिहासले त्यही रूपमा मूल्याङ्कन गर्ला ।

**० तपाईले संघर्षको कुरा गर्नुभयो । उहाँको जस्तो त्याग गर्न तपाई तयार हो भन्न खोजेको हो ?**

उहाँ आफै अघि पनि सर्नुभयो । आफैले अगाडि पनि सार्नुभयो । समय अनुसार निर्णय दिनुभएको थियो ।

**० यतिबेला तपाई अगाडि सर्ने वा सार्ने कुन निर्णय लिने निष्कर्षमा हुनुहुन्छ ?**

त्यस्तो कुनै निष्कर्षमा छैन । अहिले म साथीहरुसँग परामर्शमा छु । हाम्रोबीचमा परामर्श भएर जाँदा जे निष्कर्ष आउँछ त्यो नै मेरो निष्कर्ष हुन्छ ।

**० आन्तरिक परामर्शको कुरा गर्नुभयो । तर कोइराला परिवार (शशांक र शेखर) ले हामी दुईमध्ये एक भनिरहेका छ नि ?**

त्यो कुरा उहाँहरुलाई कसैकसैले प्रोभोक गरिदिए होलान् । तिमीहरु कोइरालाहरु त मिल्दैनौं भनिदिए होलान । होइन हामी मिलिहाल्छौं नि भनेर उहाँहरुले भन्नुभयो होला । त्यो कसैले गरेको प्रतिवादमा उहाँहरुले दिएको प्रतिक्रिया हुनसक्छ । उहाँहरुले हामी मात्र भन्नुभएको छैन । कोइरालाको मात्र हो वा सिंहको मात्र हो भनेर प्रकाश (प्रकाशमान सिंह)ले पनि भन्नुभएको छैन । पार्टी सुधारका पक्षपाती हामी एक भएर जान्छौं ।

**० कोइराला र सिंहसँगै सिटौला समूहलाई पनि लैजाने गृहकार्य कसरी भइरहेको छ ?**

यो समूह र ऊ समूह भनेर हामी धेरै गहिराइमा गएका छैनौं । पार्टीको महाधिवेशनमा को-को साथीलाई टिममा राख्दा परिणाम राम्रो हुन्छ, पार्टीलाई योगदान दिने क्षमता भएको टिम कसरी बन्छ त्यो हेरेर हामी निर्णयमा पुग्छौं ।

**० सिटौला टिमभित्र कोही सभापतिसँग लोयल त कोही तपाईहरुसँग लोयल देखिन्छन् । जस्तो कि गगन थापा र प्रदीप पौडेलबाट सभापतिविरुद्ध तपाईले चाल्ने कदमा साथ रहेको पाइन्छ । यसलाई कसरी लिनुभएको छ ?**

साथीहरुले कुनबेला कस्तो अडान दिएका छन्, को साथीको के राजनीतिक दृष्टिकोण रह्यो ? त्यो हेरेर देशभरिका साथीहरुले मूल्याङ्कन गर्छन् । किनकि अब कुनै पनि कुरा लुकेर छिपेर हुँदैन । सबै कुरा पारदर्शी भएसकेको छ ।

**० तपाईहरुको समूहभित्र सिटौला समूह आटाउने वातावरण कस्तो बन्दै छ भन्न खोजेको हो ?**

उहाँहरु हामीसँगै हो । गगनजी अर्को समूहको भनेर म भन्दै भन्दैनँ । प्रदीप पनि हामीसँगै छन् । हेरेर कसलाई के ठाउँमा व्यवस्थापन गर्न सकिन्छ, त्यही अनुसार हुन्छ ।

**० अब पार्टी राजनीतिबाट राष्ट्रिय राजनीतितिर जोड्न चाहन्छु । वर्तमान राष्ट्रिय राजनीतिलाई कसरी हेर्नुभएको छ ?**

यतिबेला प्रधानमन्त्री बिरामी भएकाले धेरै कुरा भन्न चाहन्न । उहाँको स्वास्थ्य लाभको कामना गर्छु । यो मानवीयताको कुरा पनि हो तर यो कम्युनिस्ट सत्ताको चरित्र नै निरङ्कुशतावादी, सर्वसत्तावादी, केन्द्रीयतावादी र अधिनायवादी हो । उहाँहरुले लोकतन्त्रको जामा पहिरेर बहुलवादी हुँ भन्दै जनतालाई झुक्याएर चुनाव जित्नुभएको छ । तर आफ्नो चरित्र विस्तारै देखाउँदै जानुभएको छ । त्यो पक्षपाती चरित्रको परदर्शन यो राज्यमा भइरहेको छ । त्यसको म विरोधी हुँ । पक्षपाती चरित्रले देशको कल्याण गर्दैन । यसमा प्रधानमन्त्रीका दुईवटा कुराको दृष्टान्त दिन्छु । उहाँले पहिलो पटक वाइडबडीमा ४ अरब ३५ करोड भ्रष्टाचार भएको संसदको लेखा समितिले किटान गरेका छ । तत्कालीन मन्त्री निर्दोष छ भनेर प्रधानमन्त्रीले भनिदिएपछि दोषी को हो ? प्रधानमन्त्री त्यहाँनिर आफ्नै हैसियतभन्दा अगाडि गएर बोल्नुभयो । भ्रष्टाचार ढाकछोपको गर्ने काम गर्नुभयो । त्यसपछि सञ्चारमन्त्री अडियो टेप प्रकरणमा उहाँ ७० करोडको मोलमेलाइ गरेको कुरा प्रष्ट छ । यो काण्डमा पनि उहाँले विचार निर्दोष भनिदिनु भयो ।

भ्रष्टाचारलाई लुकाउन, छिपाउन र आलटाल गर्न कम्युनिस्ट सत्ताको प्रयोग भइहरेको छ । दुई तिहाइले जनताको कल्याण गर्ने भन्दा संवैधानिक निकायलाई तर्साउन प्रयोग भइरहेको छ । रातो झण्डा ओडेर खत माफी हुने तन्त्र चल्दैछ ।

**० यसलाई रोक्ने प्रतिपक्षी किन सकिरहेको छैन ?**

अब हाम्रो पार्टी खारो रूपमा उत्रिनुपर्छ ।

**० अहिलेसम्म खरो रूपमा उत्रिन किन सकिरहेका छैन । तपाई पनि पार्टीको वरिष्ठ नेता हुनुहुन्छ नि ?**

मैले गर्नुपर्ने कुरा गरिरहेको छु । म लड्न तयार छु । म सडकमा जान तयार छु । पार्टी नेतृत्व अगाडि गइदिनुपऱ्यो ।

**० पार्टीभित्रको आन्तरिक किचलोले सभापतिलाई प्रतिपक्षीका रूपमा खरो उत्रिन समस्या भइरहेको भन्ने छ नि ? पार्टीभित्रकै किचालोमा अलमलिँदा यस्तो भएको हो कि ?**

त्यो होइन, पार्टीमा किचलो त्यो (पौडेल संसदीय दलको नेता भएको) बेलामा पनि थियो । म पनि कुनै जमनामा प्रतिपक्षी दलको नेता थिएँ । जुन बेला (२०६५) मा प्रचण्ड बहुमत लिएर प्रचण्डजी प्रधानमन्त्री हुनुहन्थ्यो । काँग्रेस अल्पमतमा थियो । त्यस्तो अवस्थामा म दलको नेता हुँदा मैले सदनमा उभिएर एकपछि अर्को गरी पशुपति प्रकरणदेखि लिएर सेनापाति प्रकरणसम्म पुग्दा प्रधानमन्त्रीलाई राजीनामा दिएर निस्कन बाध्य गराएको हो । म त्यही संसदमा अल्पमतको दलको नेतृत्व मैले पनि गरेको हो । दलको नेताले निर्धक्कसँग बोल्न सक्नुपऱ्यो । आफै कहाँ कहाँ के के छ कसो छ भनेर फकाउनतिर लागेपछि नेतृत्व बलियो हुन्छ ?

**० त्यो पकाउने कुरामा सजग रहन पार्टी नेतृत्वलाई खबरदारी किन गरिराख्नु भएको छैन ?**

मैले सबै भन्दै आएको छु । धेरै कुरा बाहिर बोल्न नमिल्ने भएर कतिपय कुराभित्र मात्रै भने । तर अहिले भन्नुपर्ने बाध्यताले तपाईंहरु सबैले खोज्न थालेपछि अलिकति भन्न थालेको हुँ । त्यसैले हाम्रो नेतृत्व र सरकार दुवै असफल छन् ।

- रातोपाटीबाट


## केन्द्रीय आयोजना कार्यान्वयन इकाई भवनको सूचना

- भूकम्पबाट प्रभावित व्यक्तिले प्रथम किस्ता रकम लिई घर बनाउन थालेपछि फिल्डमा खटिएका इन्जिनियर, सब-इन्जिनियरहरुबाट घर मापदण्डबमोजिम बनाइएको छ/छैन भनी परीक्षण गरी दोस्रो किस्ता रकम दिने हुँदा खटिएका इन्जिनियरहरुको परार्शअनुरुप घर बनाऔं ।
- भूकम्प प्रविधिसम्बन्धी तालिम प्राप्त कालिगढहरु लगाएर भवन घरहरुको निर्माण गरौं ।
- ग्रामीण क्षेत्रमा बन्ने पिल्लरविहीन निजी आवासीय घरहरुमा आवश्यकताअनुसार Lintel Band/Sill Band राखौं ।
- निजी घर निर्माणको लागि आउने इन्जिनियर, सब-इन्जिनियर, असिस्टेन्ट, सब-इन्जिनियरहरुलाई आवश्यक सहयोग गरौं र प्राविधिक सहयोग लिई भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

आयोजना प्रमुख

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन)

बबरमहल, काठमाडौं ।

# भर्जिनिटीका लागि सर्जरी गराइरहेका छन् युवतीहरु

निम्मी (नाम परिवर्तन) एक निजी कम्पनीमा काम गर्छिन् । उनी १० वर्षदेखि भारतको राजधानी दिल्लीमा बस्दै आएकी छन् । दिल्लीबाट ग्र्याजुएसन गरेपछि उनी जागिर गरिरहेकी छन् । जब उनलाई ब्वाइफ्रेन्डको विषयमा प्रश्न गरियो, उनको जवाफ थियो- धेरै बनाएँ तर 'ध्याट आई



ह्याभ सेब्ड फर द पर्सन आई विल म्यारी टू' । स्पष्ट छ, निम्मी बिहेसम्म भर्जिनिटी (कुमारीत्व) जोगाउन चाहन्छिन् । जब उनले आफ्नो अफिसमा युवाहरूसँग यस विषयमा कुरा गरिन्, उनीहरू (२०-३० वर्ष)ले क्याजुअल सेक्सलाई आमकुरा भएको बताए । तर, निम्मीका लागि बिहेअघिको सेक्स 'अमान्य' छ । त्यसो भए, ती केटीहरू कहाँबाट आइरहेका छन्, जो हाइमनोप्लास्टी अर्थात्, सेक्सपछि हाइमन रिस्टोर गराउनका लागि सर्जरी गराइरहेका छन् । पछिल्लो १५ वर्षमा हाइमनोप्लास्टीको चलन बढेको चिकित्सकहरू बताउँछन् । र, अविवाहित महिलाहरू यस खालको सर्जरी गराउनका लागि चिकित्सकसम्म पुग्ने गरेका छन् ।

विशेषज्ञहरूका अनुसार युवतीहरूको योनीमा एउटा झिल्ली हुन्छ, जसलाई हाइमन भनिन्छ । सेक्सपछि होस् वा कहिलेकाहीँ खेल्दा होस्, उनीहरूको यो झिल्ली ड्यामेज हुन्छ । चिकित्सकले उक्त झिल्लीलाई सर्जरी गरेर फेरि रिस्टोर गरिदिन्छन्, यसलाई हाइमनोप्लास्टी भनिन्छ । हाइमन रिस्टोर गराउन आउने युवतीहरूको उमेर २० देखि ३० को बीचमा हुने गरेको चिकित्सकहरूको भनाइ छ । यसरी सर्जरी गर्ने युवतीहरू बिहेअघि सेक्सुअल्ली एक्टिभ वा पार्टनरसँग शारीरिक सम्बन्धमा हुन्छन् । त्यसैले उनीहरू बिहेअघि हाइमनोप्लास्टीका लागि अस्पताल पुग्छन् ।

**अविवाहित युवती**

म्याक्स अस्पतालका प्रमुख परामर्शदाता एवं स्त्रीरोग विशेषज्ञ डा. भावना चौधरी भन्छिन्, 'सर्जरी गराउन युवतीहरू देशका कुन-कुन ठाउँबाट आउँछन् यसै भन्न सकिँदैन तर उनीहरू कुनै न कुनै जागिर गर्ने माध्यम तथा उच्च वर्गीय आय समूहका हुन्छन् ।' ती युवतीहरू बिहेअघि आउँछन् किनकि, उनीहरू बिहेअघि सेक्स गरेको कुरा हुन लागेका पतिले थाहा नपाउन् भन्ने ठान्छन् । चिकित्सकहरूका अनुसार सर्जरीका लागि बुझ्न आउने त्यस्ता युवती पनि युवतीहरूको हाइमन ब्रेक हुनुका कारण रहेको डा. चौधरी बताउँछिन् । गंगारामका सर्जन डा. ललित चौधरी हाइमनोप्लास्टीका लागि आउने महिलालाई दुई समूहमा बाँड्छन् । उनी भन्छन्, '८० प्रतिशत युवती करिब २५ वर्ष वा यसको आसपासका हुन्छन् भने अन्य २० प्रतिशत सम्बन्धविच्छेद गरेका महिला हुन्छन् ।' एक हप्तामा ४ वा ५ कल सोधपुछका लागि आउने गरेको डा. ललितको भनाइ छ । तर, १० मध्ये एक मात्र युवती सर्जरीका लागि अस्पताल आउने गरेको उनी बताउँछन् । यसको कारण बताउँदै डा. ललित भन्छन्, 'यी युवतीहरू डाक्टरसँग पहिल्यै सबै कुरामा स्पष्ट भएपछि सर्जरीका लागि सहज महसुस गर्छन् । कुनै पनि ठूला अस्पतालमा यस्तो सर्जरीको खर्च ५०-७० हजार भारूसम्म हुन आउँछ । त्यसैले युवती डाक्टरसँग परामर्श गरेपछि अलि साना क्लिनिकमा सर्जरी गराउँछन् । किनकि, त्यहाँ अलि सस्तो पर्छ । त्यस्ता क्लिनिकमा कागजी प्रक्रिया पनि अपनाउनु पर्दैन । साना क्लिनिकमा गोप्यता अलि बढी सुरक्षित हुन्छ ।' डाक्टरहरूका अनुसार यो सर्जरी आधा घन्टामा हुन्छ । ठूला अस्पतालमा सर्जरी गराउनुपर्दा भने दुई घण्टाअघि नै आएर कागजी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । त्यसपछि मात्रै जनरल एनेस्थेसिया दिएर हाइमन रिस्टोर गराइन्छ । यो सबै प्रक्रिया पूरा गर्दा ५ देखि ६ घण्टासम्म लाग्न सक्छ ।

**निजी क्लिनिकमा सर्जरी**

ओपोलो अस्पतालका प्लास्टिक सर्जन डा. अनुप धीर आफूलाई दिल्लीमा हाइमनोप्लास्टीको सुरुवात गर्ने पहिलो सर्जन भएको बताउँछन् । उनी दिल्लीमा एक निजी क्लिनिक पनि चलाउँछन् । डा. धीर भन्छन् कि यस खालको सर्जरीका लागि उनीसँग एकतिहाइ युवतीहरू हरियाणाबाट आउने गरेका छन् । यस अलावा मुस्लिम परिवार र मध्यपूर्व देशबाट समेत युवतीहरू आउँछन् । उनका अनुसार, प्रायस्जसो युवती आफ्नो पहिचान लुकाउँछन् । 'उनीहरू हामीलाई न आफ्नो सही नाम भन्छन्, न त सही फोन नम्बर नै सेयर गर्छन्, ' डा. धीर भन्छन्, 'कहिलेकाहीँ त यी केटीहरूका साथी नै भेट वा सल्लाहका लागि हामीसँग सम्पर्क गर्छन् र सर्जरीपछि कुनै समस्या छ कि छैन भनेर हामीले सम्पर्क गर्न खोज्दा उनीहरूलाई सम्पर्क गर्न सकिँदैन ।' डा. धीरलले युवतीहरूलाई विवाहभन्दा ८ वा ६ हप्ता पहिले हाइमनोप्लास्टी गराउन सुझाव दिने गरेका छन् ताकि, सुहागरातमा उनीहरू ज्यादा ब्लीड गर्न सकून् । यो सर्जरी गरेपछि कुनै खालको समस्या नआउने उनको भनाइ छ । यद्यपि, केही सावधानी भने अपनाउनुपर्ने हुन्छ, जस्तो कि सर्जरीपछि तत्कालै सेक्स गर्न, दुईपाङ्ग्रे र साइकल चलाउन हुँदैन । सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।

डा. ललित चौधरी भन्छन् कि कुलीन घरका कतिपय युवती आफ्नी आमालाई साथमा लिएर पनि आउँछन् । उच्च वर्ग आय समूहका युवतीहरू आफ्नी आमासँग यस्ता कुरा सेयर गर्ने गर्छन् । त्यसपछि आमाले आफैँ आएर छोरीको बिहे हुनुअघि सर्जरी गराइदिन्छिन् । तर, यो समाजको बिडम्बना हो, जसरी एक युवती आफूलाई मन पर्ने केटासँग शारीरिक सम्बन्ध राख्ने फैसला स्वन्तत्र भएर लिन्छिन्, त्यसरी नै जब उसले कुनै अर्को व्यक्तिसँग बिहे गर्नुपर्छ, तब उसलाई आफ्नो कथित् पवित्रताको प्रमाण दिनुपर्ने हुन्छ ।

**महिलाहरूको पवित्रता**

एक पुरुष त्यस्तो युवतीसँग बिहे गर्न चाहन्छ, जसलाई कसैले छोएको नहोस्, यो एक पितृसत्तात्मक सोचकै देन हो । तर, निम्मीजस्ता धेरै युवती पनि हुन्छन्, जो आफ्नो भर्जिनिटीलाई बिहेको पहिलो रातका लागि जोगाएर राख्छन् र पतिलाई उपहारका रूपमा सुम्पिन चाहन्छन् । भारत र नेपाल मात्रै होइन, धेरै यस्ता देश छन् जहाँ महिलाहरूको भर्जिनिटीलाई पवित्रतासँग जोडेर हेर्ने गरिन्छ र कहीँ न कहीँ उसको इज्जत यौनिकतासम्म मात्रै सीमित गरिन्छ । भारतीय फिल्महरूमा पनि बलात्कार भएकी युवतीको मामिलामा 'उसको इज्जत लुटियो' 'घर' वा 'बाउको इज्जत गयो' जस्ता डाइलगको प्रयोग भएको पाइन्छ ।

भर्जिनिटी कुनै समाजको कुनै एक विशेष वर्ग वा त्यतिसम्मका लागि मात्रै महत्वपूर्ण छैन । यसले गरिब होस् वा धनी, गाउँले होस् वा शहरिया सबैका लागि महत्व राख्छ । फेनिज्म इन इन्डियाकी संस्थापक जेपलिन पसरिचा महिलाहरूका लागि प्रयोग हुने अंग्रेजी शब्द 'डिफ्लाअर'को उदाहरण दिँदै भन्छिन्, 'के युवतीहरू कुनै फूल हुन् जसलाई छुँदा वा सेक्स गर्दा भुइँमा खस्छ ?' आत्महत्याको मामिलामा पनि इज्जतको मतलब महिलाको शरीर नै हुने गरेको उनी बताउँछिन् । उनी भन्छिन्, 'भारतीय समाजमा जब कुनै युवतीको बिहे भइरहेको हुन्छ जब उसको भर्जिनिटीलाई किन महत्व दिइन्छ ? केटालाई कहिले सोधिन्छ कि ऊचाहिँ भर्जिन छ कि छैन ? कतिपय क्षेत्रमा बिहेको पहिलो रातको बेटसिट पनि बाहिर देखाइन्छ, समाजलाई यो बताउनका लागि कि केटी पवित्र छे । घरमा आएकी युवतीलाई घरको इज्जतको रूपमै सीमित गरिन्छ । भारतमा मात्रै होइन, अफ्रिकाका कैयौँ समाजमा पनि यस्तो हुन्छ ।

**युवतीहरूको भर्जिनिटी परीक्षण**

महाराष्ट्रको कञ्जरबाट समुदायमा सदियौँदेखि युवतीहरूको भर्जिनिटी परीक्षण गर्ने परम्परा चल्दै आएको छ । त्यहाँ बिहेको पहिलो रात सेतो बेडसिट बिछ्याइन्छ र त्यसको जाँच भोलिपल्ट बिहान गरिन्छ । त्यो समुदायमा मानिसहरू आफ्नी छोरीको बिहे किशोर अवस्थामै गरिदिन्छन् ।

**बजारको सुरुवात**

महिला अधिकारकर्मी एवम् मणिपाल युनिभर्सिटीकी सहप्राध्यापक जागृति गंगोपाध्याय भन्छिन्, 'सम्पूर्ण दबाब नै महिलामाथि छ । एउटी महिला एक पुरुषसँग सम्बन्ध राख्छे तर फेरि आईपिलको प्रयोग गर्छे । जब बिहे हुन लाग्छ, तब हाइमनोप्लास्टी गराउँछे । त्यसपछि ऊ आफ्नो पतिको मात्र होइन, परिवारकै प्रोपर्टी बनेर रहन्छे । यसरी महिलामा मानवअधिकारको उल्लंघन भइरहेको कुरा कसैले किन बुझिरहेको छैन ?' उनका अनुसार यस खालको सामाजिक सोच वा मान्यताले नै महिलाहरूका लागि एउटा बजार तयार गरेको छ, जहाँ बिहेको पहिलो रातका लागि इन्टरनेटमा भेजाइन ब्लड वा क्याप्सुलको बिक्री भइरहेको छ । हाइमनोप्लास्टीबाहेक योनीलाई सुन्दर बनाउन र गोरो बनाउनका लागि उत्पादकहरू विज्ञापन बनाइरहेका छन् । एक महिला नर्मल डेलिभरीपछि उसलाई हेसब्याण्ड स्टिच दिइन्छ ताकि डेलिभरीपछि आएको खुकुलोपन कसियोस् । यसबाहेक योनीलाई सुन्दर बनाउनका लागि महिलाहरूका लागि धेरै खालका सर्जरीको प्रावधान छ, जसलाई जानकाहरू पोर्नको देन बताउँछन् । किनकि, कोही पनि आफ्नी पत्नी वा पार्टनरमा आकर्षक देखिने अंगको कामना गरिरहेका हुन्छन् ।

- बीबीसी हिन्दीबाट

# यी हुन् लक्षण सुन्दै आङ सिरिङ्ग हुने दुर्लभ रोग

**खिम लामिछाने काजी**

सूचना तथा प्रविधिको विकाससँगै स्वास्थ्यसँग सम्बन्धित रोगको निधान र पहिचानको लागि नयाँ नयाँ वैज्ञानिक प्रविधियुक्त मेसिन र औजारहरुको आविष्कार भइसकेको छ । यध्यपि बदलिँदो रहनसहन, आनिबानी र आहारबिहारको कारण नयाँनयाँ रोगहरुको उत्पत्ति दिनानुदिन बढ्दै गइरहेको पाइन्छ । असामान्य प्रकृतिका कतै नामै नसुनिएका रोगहरु जसको लक्षण सुन्दा पनि अचम्म लाग्छ । धेरैजसो रोगहरुको उपचार र औषधि समेत हुँदैन । त्यस्ता रोगहरुलाई अङ्ग्रेजीमा'रेयर डिजिज'अन्तर्गत राखिएको छ । रेयर डिजिजको ट्याक्कै नेपाली अनुवाद असमान्य, बिरलै, असाधारण, अनौठो, दुर्लभ रोग भन्ने हुन्छ । मैले रेयरको अर्थ दुर्लभ र डिजिजको अर्थ रोग मानेर यसलाई रेयर डिजिज'दुर्लभ रोग' भनेको हुँ । जसरी रोगलाई चिनाउने शब्द रेयर अर्थात् दुर्लभ छ, त्यसैगरी यो रोगका बिरामी, लक्षणहरु, उपचार पद्दति र उपचार सम्भव हुने अस्पताल र डाक्टर सबै दुर्लभ नै हुन्छन् । हरेक वर्ष अङ्ग्रेजी क्यालेन्डरको फेब्रुअरी महिनाको अन्तिम हप्ता विश्वभर रेयर डिजिज विक'दुर्लभ रोग जनचेतना सप्ताह' मनाउने गरिन्छ । जसमा विभिन्न प्रकारका दुर्लभ रोगबारे जानकारी दिने, रोगको उपचारमा नयाँ आयामबारे बताउने, उपचार विधिमा भएको प्रगतिबारे बताउने, केही नयाँ आविष्कार तथा अनुसन्धानहरु भएका छन् भने त्यस बारेमा जानकारी दिने उद्देश्य राखेर यो दुर्लभ रोग सप्ताह मनाउने गरिन्छ ।

अनुसन्धानकर्ताहरुका अनुसार विश्वमा ७ हजार भन्दा धेरै प्रकारका दुर्लभ रोग पाइएका छन् भने जम्मा २०० दुर्लभ रोगको मात्र उपचार सम्भव रहेको पाइन्छ । कतिपय दुर्लभ रोग लागेकाहरुलाई रोग लागेको भन्दा पनि उसको जन्मजात अवस्था भन्ने पनि गरिन्छ । जस्तो अटिजम रोग भन्दा पनि एक शारीरिक(मानसिक अवस्था भन्ने गरिन्छ । त्यस्तै सजिलै हाड भाँचिने रोग ओस्टियोजेनेसिस इम्पेर्फेक्टालाई पनि कतिपय डाक्टरले रोग नभई एक अवस्था अर्थात् ओआइ कन्डिसन भन्न थालेको पाइन्छ । इयुको रिपोर्ट अनुसार विश्वमा तीन करोड व्यक्ति कुनै न कुनै दुर्लभ रोगबाट पीडित छन् । जसमा ८० प्रतिशतमा आनुवांशिक (जिन) को खराबीको कारणबाट दुर्लभ रोग लागेको पाइन्छ । बाँकी २० प्रतिशत ब्याक्टिरया, भाइरस, एलर्जी तथा बाहिरी वातावरणको कारणले हुने गर्छ । प्रायजसो दुर्लभ रोगहरु नामकरण गर्दा रोगको पछाडि सिन्ड्रोम जोडिएको पाइन्छ । जस्तै स्टोन म्यान सिन्ड्रोम, डाउन सिन्ड्रोम, नेफ्रोटिक सिन्ड्रोम तर सिन्ड्रोम आदि । दुर्लभ रोग भन्नाले यस्ता रोग लागेकाहरु निकै कम हुन्छन् भन्ने बुझ्नुपर्छ । रोगीहरु कम भइदिनाले उपचार गर्ने अस्पताल र डाक्टरहरु पनि दुर्लभ नै हुन्छन् । मेडिकल कलेजहरुमा सबै दुर्लभ रोगबारे पढाइ नै हुँदैन । अध्ययन अनुसनधान गर्ने उद्देश्यले कुनैकुनै देशमा कुनैकुनै दुर्लभ रोगको उपचार गर्ने गरेको पाइन्छ ।

दुर्लभ रोग लागेको अवस्थामा देखिने लक्षणहरु सुन्दा पनि आङै सिरिङ्ग हुन्छ । जस्तो शरीरका छाला उक्किरहने र घाउ भइरहने, शरीरको कुनै अंगमा मासु पलाउँदै जाने, कुनै अंग कुहिदै जाने, उमेर बढ्दै जाँदा मानसिक विकास हुन नसक्ने, कुनैको हाडहरु सजिलै भाँचिने, कुनैको काटेको ठाउँबाट रगत नथामिने आदि । दुर्लभ रोगहरु दीर्घकालीन हुन्छन् । जसको उपचारपछि निको त हुँदैन तर उपचारले बाँच्न सजिलो बनाउने र बाँच्ने समय बढाउन सकिन्छ । कतिपय रोगको जन्मेको केही वर्षपछि मात्रै लक्षणहरु देखिन्छन् भने कतिपयको जन्मने बित्तिकै मृत्यु हुन्छ । ३० प्रतिशत दुर्लभ बच्चाहरुको ४ वर्षको उमेरमा मृत्यु भएको अध्ययनले देखाएको पाइन्छ । दुर्लभ रोगले पीडित र उसको परिवारलाई के रोग लागेको छ भन्ने थाहा पाउन पनि विकशित देशमा समेत रोगको प्रकृति अनुसार थुप्रै वर्ष लाग्छ । नेपालमा वर्षेनी सयौं रोगीहरुको रोगको पहिचान बिना नै मृत्यु भएको छ । किनकि हाम्रो देशमा दुर्लभ रोग पहिचान र निदान गर्ने न कुनै विशेष अस्पताल छ, न त कुनै विषेशज्ञहरु नै ।

रोगको पहिचान र उपचार गर्न रोगीलाई बोकेर थुप्रै अस्पताल धाउँदा एकातिर पैसा सकिएको पिर, अर्कोतिर रोगीको उपचार हुन नसकेको चिन्ताले परिवारमा मानसिक तनाव हुन्छ । रोगको पहिचानपश्चात् डाक्टरले यो रोगको उपचार अहिलेसम्म सम्भव छैन भन्छन्, त्यतिबेला परिवारको अवस्था र मानसिकता कस्तो होला ? रोगीलाई समेत नैराश्यता हुने अनेकौं समस्याहरु दुर्लभ रोगीको परिवारमा रहेको हुन्छ । डाक्टरले गुगलमा सर्च गरेर यो रोगको उपचार अमेरिकाको फलानो अस्पतालमा मात्रै हुन्छ, युरोपको ढिस्कानो क्लिनिकमा हुन्छ भनिदिँदा कताकता राहत त महसुस हुन्छ तर अमेरिका, युरोप जाने पो कसरी ? चिन्तामाथि चिन्ता थपिँदै जान्छ । अचानोको पिर खुकुरीलाई थाहा हुँदैन । जुन औंलामा विष लाग्यो त्यही औंला झर्छ भन्ने हाम्रो समाज ती दुर्लभ रोगी र परिवारको ब्यथा बुझ्ने मानिसहरु पाउन पनि दुर्लभ नै छ ।

अनि रोगको नाम पाएपछि हरेक दिन गुगलमा रोगबारे जानकारी लियो बस्यो । कतिपय दुर्लभ रोगको त गुगलमा समेत जानकारी हुँदैन । भइहाल्यो भने पनि २(३ जनाले २(३ थरीका कुराहरु लेखिदिएका हुन्छन् । कुन चाहिँलाई विश्वास मान्नु, परिवार दोधारमा पर्छ । समाजमा जस्को परिवारमा दुर्लभ रोगी छ, ऊ नै त्यो रोग सम्बन्धी विशेषज्ञ हो । हरदिन उक्त रोगबारे इन्टेरनेट तथा सन्जालहरुबाट अध्ययन र जानकारी बटुल्ने हुँदा उनीहरु नै अहिले त्यो रोग सम्बन्धी विद्यावारिधि गरेका विद्वान झैं देखिन्छन् । अस्पताल तथा स्वाथ्य केन्द्रमा त्यस्तै प्रकारको रोगी भेटियो भने फलानोको बच्चालाई पनि यस्तै प्रकृतिको रोग लागेको छ भनी रिफर पनि गर्ने गर्छन् । त्यो बिरामीले पुरानो बिरामीलाई भेट्यो भने एक प्रकारको राहतको अनुभव गर्छ । कतिपय ठाउँमा यस्तै दुर्लभ बिरामीहरु मिलेर संस्था खोलेर बिरामीलाई सजिलो बनाउने सराहनीय काम समेत भएको पाइन्छ । तर दूरदराजका गाउँमा यता बच्चाहरु जन्म्यो भने बोक्सी, निधिनी, बन झाँक्री आदि लागेको भनी धामी झ्याँक्री र फुफा गराउने चलन छ । रोगको उपचार त हुँदैन तर पैसा र समय भने नष्ट ।

कतिपय अविभावकहरु सोच्छन्, मेरै बच्चालाई मात्रै किन यस्तो रोग लागेको होला ? पूर्वजन्ममा हामीले के त्यस्तो पाप गरेका रहेछौं र ? हामीमाथि नै किन त्यस्तो बज्रपात आइपर्यो ? यस्त अनेकौं अनुत्तरित प्रश्नको उत्तर खोज्दै भौंतारिइरहेका हुन्छन् । कतै यो रोगको उपचारमा केही नयाँ औषधि पो पत्ता लाग्छ कि भनी हरदिन आशामा दिनहरु बिताइरहेका हुन्छन् । नयाँ खोजतलास गरिरहेका हुन्छन् । ती अभिभावकहरु उक्त रोगसम्बन्धी जनचेतना जगाउन काम पनि गर्न थाल्छन् । अरु रोगीहरुलाई हौसला दिने र सहयोग गर्ने काम पनि गरिरहेका हुन्छन् । परिवारभित्र परेको आर्थिक तथा मानसिक तनाव बुझिदिने निकै कम मात्र भेटिन्छन् । यध्यपि समस्या लुकाएर होइन देखाएर त्यसको समाधान खोज्न सकिन्छ भन्ने अभिप्रायले यो हप्ता दुर्लभ रोगले ग्रसित बिरामी र परिवारले आफ्ना समस्याहरु बाहिर ल्याउने गरेका छन् ।

यस्तै अन्य कैयौ दुर्लभ रोगहरु छन् जसका लक्षणहरु सुन्दै आङ सिरिङ्ग हुन्छ ।

- एलिफेन्टीयासिस : खुट्टाको आकार असामान्य रुपले बढ्दै जाने ।
- एपिडरमोडिस्प्लेसिया वरुसिफोर्मिस : जसलाई ट्री वार्क पनि भनिन्छ । यो छालासम्बन्धी दुर्लभ रोग हो । जसमा पूरै शरीर रुख जस्तै देखिँदै जान्छ ।
- प्रोजेरिया : सानो उमेरको व्यक्ति पनि बुढेसकाल लागेको जस्तो देखिन्छ । यो रोग ८० लाख व्यक्तिमध्ये एउटा व्यक्तिमा देखिन्छ । यो रोग लागेपछि सानैदेखि टाउकोमा रौं उम्रिदैन, आँखा नदेख्ने हुन्छ र किशोरावस्थामा अनुहारमा चाउरी पर्दै जान्छ ।
- हाइपरट्राइकोसिस : यस रोगका कारण व्यक्तिको पूरै शरीरभरि असामान्य रुपले रौं उम्रिदै जान्छ । विस्तारै व्यक्ति जनावर जस्तो देखिँदै जान्छ । यो रोगलाई उल्फ सिंड्रोमको नामले पनि चिनिन्छ ।
- अस्टियोजेनेसिस इमपर्फेक्टा : जसमा शरीरका हाडहरु साह्रै कमला हुन्छन्, कहिलेकाहीं कपडा लगाउँदा समेत हाड भाँचिने हुन्छ । यो अवस्थालाई छोटकरीमा ओआई पनि भन्ने गरिन्छ । जसका ८ वटा प्रकार रहेका छन् ।
- फरेन एसेन्ट सिन्ड्रोम : यस रोगको असर दिमागमा पर्न जान्छ । बिरामीले बोल्ने भाषाको तरिका एकाएक बदलिँदै जान्छ । यसमा रक्तश्रावले व्यक्तिको मस्तिष्कमा असर पार्छ । यस रोगका बिरामीले आफ्नो मातृभाषा बोल्न बिर्सेर कहिल्यै नसुनेको विदेशी भाषा बोल्न थाल्छन् ।
- मेथेग्लोविनेमिया : यो एक दुर्लभ तथा वंशाणुगत रोग हो । जसमा बिरामीको शरीरभरि निलडाम देखा पर्छ । साथै विस्तारै श्वासप्रश्वासमा समस्या देखा पर्दै जान्छ ।
- कोटार्डस सिंड्रोम : व्यक्तिले आफू मरेको अनुभव गर्ने यो एउटा अनौठो स्थिति हो । यसलाई भ्रम पनि भनिन्छ ।

यस्ता अनौठा लक्षणहरु भएका दुर्लभ रोगहरु विश्वमा ७ हजार भन्दा धेरै भएको सोधकर्ताहरुले बताएका छन् । यस्ता रोगको उपचार गर्न सजिलो सुलभ प्रविधि र औजारको विकास होस, औषधि नबनिसकेको अवस्थामा औषधिको आविष्कार होस, दुर्लभ रोगबारे सम्पूर्ण स्वास्थ्य सेवामा सम्बन्धित तथा असम्बन्धित सबैलाई जानकारी होस भन्ने हेतुले यो रेयर डिजिज विक भनेर सप्ताहभरि नै लेख(रचना प्रकाशित गर्ने तथा बिरामीको अवस्था र दुर्लभ रोगबारे जनचेतना फैलाउने काम गरिन्छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

सडक डिबिजन इलामको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ । त्यसैले सडक डिबिजन इलामअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं ।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

सडक डिबिजन झापाको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ । त्यसैले सडक डिबिजन झापाअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं ।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

डिभिजन प्रमुख

### सुनिल.....

रेहको समाचार स्रोतले जानकारी दिएकोछ । त्यसो त २०४६ सालको राजनीतिक परिवर्तनपछि भएका निर्वाचनहरुमा सूर्यबहादुर थापाले पनि चुनाव जितेका थिए भने सुनिल थापाले पनि एक पटक जितेर मन्त्री समेत भएका थिए । त्यसो त धनकुट्टामा पछिल्ला चुनावी नतिजालाई मात्र आधार मान्ने हो भने सबै पदमा हालको सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीले 'क्लिन स्वीप' गरेको अवस्था छ । त्यसैले पनि कांग्रेसको उम्मेदवार बनेको खण्डमा सुनिल थापालाई निर्वाचन जित्न सहज हुने चर्चा धनकुट्टामा चलेको छ । धनकुट्टाका जनताले थापा परिवारको योगदानलाई नबिर्सिएका कारण पनि सुनिल थापाले आफ्नो निर्वाचन क्षेत्रलाई सुरक्षित पार्नका लागि कांग्रेसलाई रोज्न चाहेको बताइएको छ ।

### पौडेललाई.....

सम्म एशोसिएटेड प्रोफेसरका रूपमा काम गरेका प्रस्तावित पाण्डे हाल नेकपाको केन्द्रीय सदस्य पनि हुन् । तत्कालीन नेकपाको पोलिटव्यूरो सदस्यका रुपमा काम गरेको अनुभव पनि उनीसँग रहेको समाचार स्रोतले जानकारी दिएको छ ।

पौडेललाई बलि चढाएर सरकारले चीनमा माथिल्लो श्रेणीको राजदूत पठाउने भनी पौडेलको योग्यतामाथि पनि प्रश्न उठाउने कार्य गरेको छ । नेपाल सरकारको मुख्य सचिव समेत भैसकेका पौडेल अध्यक्ष दाहाल निकट भएकाले उनकै सिफारिसमा चीनको लागि नेपाली राजदूत बनेका थिए । आफ्नो भूमिका राम्रै ढंगले निर्वाह गरिरहेको तथा चीनभन्दा राम्रो देशमा राजदूत बनी जाने सोचमा रहेका पौडेललाई समय नपुग्दै फिर्ता बोलाई उनीसँगै अध्यक्ष दाहाललाई समेत ठेगान लगाउने कार्य ओलीले गरेको बुझाइमा पौडेल पुगेका छन् । पौडेल बालुवाटार जग्गा प्रकरणमा जोडिएको भए पनि उनमाथि मुद्दा चलाउनु पर्ने अवस्था भने नआएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भनेको अवस्थामा पौडेललाई फिर्ता बोलाई सरकारले उनलाई अख्तियारको घानमा पार्ने पनि चर्चा चलेको छ ।

### बास्कोटाका....

सानो भएका कारण हालका प्रधानमन्त्री खड्गप्रसाद ओलीको बालकोटस्थित 'दरबार' मा बस्दै आएका बास्कोटाले मन्त्री भएकै समयमा आफ्नो व्यक्तिगत निवास पनि गगनचुम्बी बनाउँदै गरेका थिए । गगनचुम्बी महल बनाउँदै गरको अवस्थामा उनको निवासलाई लक्षित गरी बुधबार बमविस्फोट हुँदा बास्कोटाको भन्दा पनि छिमेकीको बढी नोक्सानी भएका कारण उनीहरु चिन्तित भएका हुन् ।

मन्त्री बनेदेखि नै आफ्नो घर सानो भयो भन्दै ओलीको 'दरबार' मा 'घरकुरुवा' का रुपमा बस्दै आएका बास्कोटाको बन्दै गरेको घरलाई लक्षित गरी बुधबार भएको विष्फोटका कारण छिमेकीहरुले असुरक्षित महसुस गर्न थालेका हुन् । विष्फोट हुँदा दक्षिण पूर्वपट्टीको द्वारमा क्षति पुगेको छ भने थपिएका दुई तल्लामा शीशा नभएकाले खासै क्षति नभएको बताइएको छ । सोही विष्फोटका कारण छिमेकका तीन घरमा भने उनको भन्दा बढी क्षति भएको छ । भक्तपुर प्रहरी प्रवक्ता दीपक गिरीका अनुसार बिहान ८ बजेतिर भएको विष्फोटबाट तीन घरमा क्षति पुग्नुका साथै एउटा कारमा पनि क्षति पुगेको हो ।

छिमेकीका रुपमा रहेका कपीलदेव घिमिरेको चार तलाको घरका भर्याङका शीशा फुटेका तथा सोही घरमा डेरा लिएर बस्दै आएका सुरेन्द्र खड्कीको एउटा बा १९ च ४७८१ नम्बरको मारुती भ्यानमा क्षति पुगेको छ । कारका झ्यालका शीशा फुटेका खड्गीले जानकारी दिएका छन् । यसैगरी अर्का छिमेकी कुवेर के.सी.को घरमा शीशा फुटेका छन् । यस्तै नाम नखुलेका अर्का छिमेकी जो अमेरिकामा बस्दै आएका छन्, उनको घरमा पनि विष्फोटले क्षति पुगेको बताइएको छ । सोही क्षतिलाई आधार बनाएर बास्कोटाले सरकारबाट भएको भन्दा ठूलो मात्रामा क्षतिपूर्ती भराउने संभावना रहेको बताउँदै एक छिमेकीले नाम नछाप्ने सर्तमा भने,'हाम्रो क्षतिको पूर्ती कसले दिन्छ ? बास्कोटाजीले त कुनै न कुनै हिसाबले क्षतिपूर्ती लिनुहोला, हामी त ट्वाँ पर्ने न हो ।'

क्षतिको विवरण लिँदै गरेको प्रहरीले सो घटना कसले र किन गरायो भनी सुक्ष्म रुपमा अध्ययन गर्दै रहेको बताएको छ । कतिपयले उक्त घटनामा विप्लव नेतृत्वको नेकपा (माओवादी) को हात रहेको भनी त्यहाँ भेटिएको पर्चालाई आधार बनाइएको छ । गत वर्ष फागुन २८ गते नै सरकारले उक्त दललाई प्रतिबन्ध लगाएको थियो ।

त्यसैगरी बास्कोटाको अडियो काण्ड बाहिर आएपछि उक्त दलले त्यस विषयलाई चासोमा राखेको अनुमान गरिँदै आएको थियो । मन्त्रीबाट बास्कोटाले राजीनामा दिएपछि पनि शान्ति सुरक्षाको हिसाबले उनको निर्माणाधीन घरलाई लक्षित गरी कुनै पनि किसिमको अप्रीय घटना हुनसक्ने अनुमान गरी प्रहरी प्रशासनले सो क्षेत्रमा सुरक्षा बढाएको समाचार स्रोतले दाबी गरेको छ । त्यसरी सुरक्षा बढाएको अवस्थामा विहान पौने आठ बजे भएको घटनाका कारण प्रहरी प्रशासन नै चकित भएका छन् भने छिमेकीहरु भने बास्कोटा बेकारमा मन्त्री बनेछनु भनी टाउकोमा हात लगाउन विवश भएका छन् ।

सो घटनामा संलग्न भएको भनी प्रहरी विप्लव नेकपाका कार्यकर्ता देव गुरुङलाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको छ । त्यहाँ भेटिएको नेकपाको पर्चामा बास्कोटाप्रति १० वटा आरोप लगाइएको छ । यसमा ‘बास्कोटामाथि कारबाही किन ? भनी पर्चामा उल्लेख गरिएको छ । त्यस पर्चामा उल्लेख भएको कुराहरु यस प्रकार रहेका छन्-

'१. सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदप्रकरणमा ७० करोड घूस मागेर भ्रष्टाचारी अनुहार उदाङ्गो पारेकाले ।
२. २४ अर्बको सेटलाइट खरिद प्रकरणमा करोडौं रकम भ्रष्टाचार गरेकाले ।
३. १९ अर्बको फोर जी सेवा विस्तारका दौरान करोडौं रकमको दुरुपयोग गरेकाले ।
४. १० अर्बको अप्टिकल फाइबर विस्तारमा करोडौं कुम्ल्याएर देशलाई कङ्गाल बनाउने भुमिका खेलेकाले ।
५. मोबाइल डिभाइस र स्कुलमा इन्टरनेट सेवा-सुविधाका नाममा करोडौं हिनामिना गरेकाले ।
६. सरकारको प्रवक्ता पदको दुरुपयोग गरी देशभरका ठूला परियोजनाबाट अर्बौं घोटाला गरेकाले ।
७. नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउने, फासिवादी दमनको योजनाकार र हत्याको मतियार बनेकाले ।
८. राष्ट्र, जनता र क्रान्तिका विरुद्ध गोयबल्स शैलीमा निकृष्ट, उद्दण्ड, अराजनीतिक र गुण्डागर्दी भूमिकामा उत्रिएकाले ।
९. आफ्नो औकात भुलेर क्रान्तिप्रेमी जनतामाथि फासिवादी दमन लाद्ने, चरम असहिष्णु, दलाल पुँजीवादी सत्ताको असली ठेकेदार र मुलुकमा साँढेखालको दादागिरी मच्चाएकाले ।
१०. देशलाई अहिलेको जर्जर र सङ्कटग्रस्त अवस्थामा पुऱ्याउने नामुद दलाल भ्रष्टमध्ये एक भएकाले ।

### भौतिक.....

त होइन भन्ने गम्भीर प्रश्न उठेको छ । तर, प्रवक्ता पाण्डे यस्ता घटना पहिला पनि हुँदै आएकाले यसलाई स्वाभाविक रुपमा लिनुपर्ने बताउँछन् । संयुक्त राष्ट्र संघको आह्वानमा विश्व शान्ति स्थापना कार्यको लागि फौज पठाउने विश्वका १२२ देशमध्ये नेपाल चौथो देशमा पर्छ । हाल संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापना कार्यको लागि नेपाली सेना विभिन्न १२ वटा द्वन्द्वग्रस्त मुलुकहरुमा तैनाथ छन् । जसमा नेपाली कण्टिन्जेण्ट, सैनिक पर्यवेक्षक र स्टाफ अधिकृतहरु गरी जम्मा ५ हजा ६५८ जना सुरक्षाकर्मी कार्यरत रहेका छन् । जसमध्ये नेपाली सेनाका ५ हजार ९६ जना शान्ति सैनिक र नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका ५ सय ६२ जना फौज विभिन्न द्वन्द्वग्रस्त मुलुकहरुमा तैनाथ छन् । पहिलो पटक सन् १९५८ मा युनाइटेड नेसन मिसनमा नेपाली सेनाको तर्फबाट ५ जना सैनिक पर्यवेक्षक सहभागी भएका थिए भने हालसम्म १ लाख २९ हजार ८ सय ९९ जना सैनिकहरुले सहभागिता जनाइसकेका छन् । जसमध्ये नेपाली सेनाका १ हजार ४ सय १ जना महिलाले सहभागिता जनाइसकेका छन् । हाल १ सय ८१ जना महिलाहरु विभिन्न मिसनहरुमा कार्यरत रहेको नेपाली सेनाले जनाएको छ । यसअघि २०७३ मा पनि संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा गएका ३२ जना नेपाली शान्ति सैनिकलाई सुडानबाट फर्काइएको थियो ।

### अप्टिकल.....

कुरा उनीहरुलाई मान्य नहुने बताउने गरेका छन् । सरकारले डिजिटल नेपाल बनाउने घोषणा गरेको स्मरण गर्दै यस्तो निर्णयमा सरकार लागि रहेमा उक्त निर्णयले हावा खाने बताइएको छ । सरकारले पनि प्रदायकलाई टिकाउने गरी मिल्दो प्रयास गरेको खण्डमा दुवै पक्ष टिक्न सक्ने अवस्था आउने भनी प्रदायकहरुले सुझाउने गरेका छन् ।

प्राधिकरणले यो समस्यालाई सुल्झाउन भन्दा पनि अल्झाउन लागि परेको देखिन्छ । यो विषयमा प्राधिकरणको व्यवस्थापनले आफैं निर्णय गरी मिलाउन सक्ने अवस्था हुँदाहुँदै समस्यालाई मन्त्रालयतिर धकेलेर अल्झाउने प्रयास गरिरहेको समाचार स्रोतको दाबी छ । सञ्चार मन्त्रालयका सहसचिव राधिका अर्यालको संयोजकत्वमा अप्टिकल फाइबर प्रयोग तथा सोको भाडा निर्धारण एवं पुनरावलोकन समिति गठन गरेर समस्यालाई अल्झाउने कार्य मात्र भएको भनी सरोकारवालाहरु झनै रुष्ट बनेका छन् । उक्त समितिमा प्राधिरकणका उपकार्यकारी निर्देशक हरराज न्यौपाने, दुरसञ्चार प्राधिकरणका पुरुषोत्तम खनाल, नेपाल टेलिकमका डिल्लीराम अधिकारी र ऊर्जा मन्त्रालयका सहसचिव तोयानाथ अधिकारी रहेका छन् । यो समिति गठन गराईमै नियत सफा नदेखिएको बताइएको छ । टेलिकम सरकारी निकाय भए पनि प्राधिकरणकै ग्राहक हो र उसको हिसाब मिलान गरिसकिएको छ । ऊर्जाका सहसचिव र विद्युतका न्यौपाने नियम पालना गराउने संस्थाकै जिम्मेवार प्रतिनिधि हुन् । यस्तो अवस्थाम रहेको उक्त समितिले तयार पारेको भनिएको एउटा हस्ताक्षर नभएको प्रतिवेदन भनी विभिन्न व्यक्तिहरुका हातमा पुऱ्याइएको छ ।

उक्त प्रस्तावित भनिएको प्रतिवेदनमा २०७३ को दुई सय पाँचको दरले २० गुणा बढाइएको २०७५ को दर दुई हजार सयसम्म पुग्ने प्राविधिक अंकगणितले देखाउँछ । उक्त विषय हल्लाको विषय बनेको बताइएको छ । प्रतिवेदनलाई हस्ताक्षर नगरी सार्वजनिक गरी त्यसको असर कस्तो देखिने हो हेर्नका लागि भनी गरिएको हुनसक्ने बुझाइमा सरोकारवालाहरु रहेका छन् । सोही कुरालाई मध्यनजर गरी सरोकारवालाहरुले त्यसको विरोध गरेका छन् । उनीहरु उक्त प्रस्तावित प्रतिवेदनले झनै समस्या ल्याउनेमा विश्वस्त छन् ।

२०७५ को संशोधित विनियमावलीको दफा ५ ले प्रस्ताव र आवेदनको मूल्यांकन सम्बन्धी व्यवस्था गरेको छ । त्यसको संयोजक उपकार्यकारी निर्देशक वितरण तथा ग्राहक सेवा निर्देशनमा तोकेको छ । त्यसको प्रमुख न्यौपाने रहेका छन् । दफा ७ को निर्णय सम्बन्धी व्यवस्थाको उपदफा २ ले दफा ५ लाई नै आधार बनाई अध्ययन गराई सुझाव लिई उपदफा (१) बमोजिम निर्णय गर्न सक्ने छ ।" भनी स्पष्ट लेखिएको छ । त्यस्तै सम्झौता सम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९ को सेवा सञ्चालनको स्वीकृति सम्बन्धी व्यवस्थाको उपदफा ६ ले समेत दफा ५ लाई आकर्षित गरी सेवा सञ्चालनको स्वीकृति दिनुपर्ने भनेको छ ।

यसरी विनियमावलीको खिल्ली उडाउने कार्य प्राधिकरणको व्यवस्थापनले गरेको छ । न आवेदन न त स्वीकृतिको अवस्थामा व्यवस्थापनले यो समस्यालाई अड्काएर राखेकोले सबै पक्षलाई यसले घाटा पारको छ । यसैगरी परिच्छेद ७ मा सेवा शुल्क, सुविधा तथा हर्जाना सम्बन्धी व्यवस्था दफा १५ को २ को हर्जाना तथा थप दस्तुर सम्बन्धी व्यवस्थाको (ग) मा शुल्क नबुझाएका दिन गन्ती गरी छ प्रतिशत र १० प्रतिशत हर्जाना तिराउने र अन्तमा सेवा बन्द गर्ने स्पष्ट व्यवस्था गरिएको छ । यस्तो अवस्थालाई ख्याल गर्दा एकातिर प्राधिकरणले सेवा शुल्क उठाउन नसकेको अवस्था छ भने अर्कातिर प्रदायकहरु पनि उक्त कुरा लागू भएको अवस्थामा एकैपल्ट जरिवानासमेत नसोचेको रकम तिर्नुपर्ने अवस्थामा पुग्ने अवस्था आउला भनी चिन्तित बनेका छन् ।

यो सबै काम गर्ने गराउने अधिकार प्राप्त भनेको प्राधिकरण व्यवस्थापनको काम, कर्तव्य र अधिकार हो । डेडिकेटेडको नौ अर्ब नौ करोड तथा अप्टिकल फाइबरको करिव चार अर्ब गर्दा करिब १३ अर्ब रुपियाँ विद्युत प्राधिकरणको व्यवस्थापनको सही निर्णय आउन नसक्दा थन्किएर बसेको अवस्था छ ।

प्राधिकरणलाई नाफामा लगेको भनी प्रचारबाजी गर्दै आएका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणको यो समस्यालाई सही ढंगले सुल्झाएको खण्डमा त्यसले प्राधिकरण तथा सेवा प्रदायकलाई समेत सहज हुने समाचार स्रोतको दाबी छ ।

### अधिकारी.....

बासिन्दा अधिकारी मनोकारी नेतामा समेत पर्छन् । कांग्रेसका दिवंगत एवम् सादगी नेता भीमबहादुर तामाङलाई आफ्नो निवासमा निःशुल्क बासस्थान दिएका अधिकारीकै घरमा बसोबास गरी आफ्नो व्यक्तिगत सम्पत्ति नजोडेका तामाङको अकस्मात निधन भएको थियो ।

### खरेल.....

रहे पनि युवा नेता गगन थापा र प्रदीप पौडेलले साथ दिने अवस्था नरहेपछि आफू पनि सभापति बन्ने बताएर बार्गेनिङमा उत्रेका छन् । त्यस्तो अवस्थामा कोइरालाहरुलाई नै समर्थन गर्ने चर्चा चलेको छ । यता देउवा गुटमा गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, विजय गच्छदार, पूर्णबहादुर खड्का, प्रकाशशरण महत, बालकृण खाँण, रमेश लेखक, विश्वप्रकाश शर्मा, मीन विश्वकर्मा र ज्ञानेन्द्रबहादुर कार्की रहेका छन् । देउवा गुटबाट देउवा एक्ला उम्मेदवार छन् । वरिष्ठ नेता पौडेल गुटमा रामशरण महत, अर्जुननरसिंह केसी, प्रकाशमान सिंह, नारायण खड्का, महेश आचार्य, बलबहादुर केसी, कमला पन्त र नवीन्द्रराज जोशी रहेका छन् । कोइरालाद्वय शशांक र शेखरको पक्षमा अहिलेसम्म कोही खुल्न सकेका छैनन् । यस्तो अवस्थामा कोइरालाद्वयले वरिष्ठ नेता पौडेललाई समर्थन गरे पौडेलको पल्लाभारी बन्ने बताइएको छ । सिटौला गुटमा आबद्ध शिव हुमागाईं, भीमसेनदास प्रधान र उमाकान्त चौधरी मात्र रहेकाले कमजोर ठानिएको छ । हिन्दुराष्ट्रको एजेण्डा बोकेका महामन्त्री शशांकभन्दा कार्यकर्ता पंक्तिमा शेखरलाई बढी रुचाइए पनि स्वभावका कारण उनको पनि सभापति बन्ने सम्भावना कम रहेकाले दुवै कोइरालाले पौडेललाई समर्थन गर्दा मात्र देउवा कमजोर हुने अन्यथा देउवा नै बलवान् हुने स्थिति देखापरेको छ ।

### लीलामणि.....

महिना कार्यकाल बिनाउपलब्धि हावामा बिताएका आइजिपी ज्ञवालीलाई पहिलो गाँसमै ढुङ्गा लागेको छ । १० वटा डिआइजी पद खारेज गर्ने वषयमा गृहसचिव महेश्वर न्यौपानेसँग आइजिपी ज्ञवालीको भनाभन र ठाकठुक परेको समाचार स्रोतले बताएको छ । गृहसचिव न्यौपाने र आइजिपी ज्ञवालीको बीचमा उत्पन्न दरारले चार महिने कार्यकाल सकसपूर्ण बन्ने अवस्था देखिएको छ । नेपाल प्रहरीमा हाल ३४ डिआइजीहरुमध्ये गत माघ २८ देखि २२ डिआइजी पद रिक्त रहेका छन् । नेपाल प्रहरीमा ओएनएम बन्न नसक्दा २०१२ सालको प्रहरी ऐनअनुसार सञ्चालन हुँदै आइरहेको छ ।

राजनीतिक नेतृत्वको लाचारछाया बन्दै आइरहेको नेपाल प्रहरीमा विगतका आइजिपीहरुले संगठनप्रति वास्ता नगर्दा र आफ्नै वृत्तिविकासमा मात्र केन्द्रित रहँदा संगठनमा आबद्ध उनान्सत्तरी हजार प्रहरीको भविष्य संकटग्रस्त बनेको बताइन्छ । ज्ञवाली आइजिपी भएपछि पनि एआइजी र डिआइजी रहने विभागहरु निमित्तका भरमा चल्दै आइरहेका छन् । एआइजीमा बढुवाका लागि सिफारिस भएकाहरु पनि मन्त्रिपरिषद्को बैठक नबस्दा अल्झिएर बसिरहेका छन् । तसर्थ, ज्ञवालीको कार्यकाल चुनौतीपूर्ण बन्ने बताइएको छ ।

### कांग्रेसले.....

सालमा भएको ११औं महाधिवेशनमा शेर्मा केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए ।

शेर्माका दुई श्रीमतीमध्ये कान्छी जनिमाया मगरको साथमा उनी काठमाडौंमा बस्दै आएका थिए । उनका दुई छोरा र पाँच छोरी छन् । शेर्माको निधनलाई लिएर कांग्रेसले एक विज्ञप्ती प्रकाशित गरी दुःख व्यक्त गरेको छ ।

### निगम.....

दैनिक १ लाख सिलिन्डर खपत हुने र सोही परिणाम बढी ग्यास आइरहेको बताएका थिए । संघले आफ्ना विक्रेतालाई नयाँ ग्यास सिलिन्डर बिक्री नगर्न निर्देश गरेको र नयाँ बिक्री गरेको पाइए कारबाही गर्ने चेतावनी दिएको पनि बताएका थिए । तर, सर्वसाधारणले भने सहज रूपमा ग्यास नपाएको गुनासो गरिरहेका छन् ।

### संसद्.....

गर्नुपऱ्यो,' सांसद प्रधानले भने ।

यस्तै, शून्य समयमा बोल्दै कांग्रेसका अर्का सांसद भरत शाहले पनि भने, 'संसदलाई धेरै दिन नचलाउने हो कि ?' यस्तै, स्कुल र विद्यालय पनि बन्द गर्नुपर्ने सांसदहरुको माग छ । यसअघि पनि सांसदहरुले कोरोनाका कारण संसद रोक्नुपर्ने माग राख्दै आएका छन् ।

### नेपालको....

मूल्य प्रति तोला ८४ हजारको आसपासमा रहेको छ । यता सुन र डलरको भाउ आकाशिएपछि नेपाली सेयरबजार ओरालो लाग्न थालेको छ ।

कोरोनाका कारण चीनको मात्र नभइ अमेरिका, युरोप र भारतकै अर्थतन्त्र पनि प्रभावित हुन थालेको छ । लगानीकर्ताहरु सेयर बजारबाट विस्तारै बाहिरिन थाल्दा विश्वका ठूला स्टक एक्सचेञ्जका सूचकहरु फराकिलो अन्तरले झर्न थालेका छन् । डलरको मूल्य वढ्दा विदेशमा काम गर्ने नेपालीले पठाउने पैसा रेमिट्यान्स आयमा वृद्धि हुन्छ । तर, यसपाली कोरोनाका कारण डलरको भाउ बढे पनि नेपाली रोजगारीमा रहेका मुलुकहरु पनि यसबाट प्रभावित देखिएकाले ती देशबाट नेपाली फिर्ता पठाइन सक्छन् । यसो हुँदा रेमिटेन्समा आधारित आय घट्न सक्छ । जसका कारण नेपाली अर्थतन्त्र डामाडोल बन्ने निश्चित छ ।

# कोरोना भाइरसबाट आतंकित नभई सतर्कता अपनाउ : गोकर्णेश्वर नगर प्रमुख सन्तोष चालिसे

काठमाडौं । गोकर्णेश्वर नगरपालिका प्रमुख सन्तोष चालिसेले कोरोना भाइरसबाट आतंकित नभई सतर्कता अपनाउन अनुरोध गरेका छन् । गोकर्णेश्वर नगरपालिका वडा नं ८ आरुबारीमा रहेको आरुबारी युवा क्लबद्वारा विकास, अनुशासन र गतिशिलता खेलाडीको पहिचान, आपसी सद्भाव, भातृत्व र सदाचार हाम्रो अभियान, राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने मूल नाराको साथमा आयोजित प्रथम अन्तर बिद्यालय सेभेन ए साइड नक आउट मेयर कप फुटसल प्रतियोगिता उद्घाटन कार्यक्रमको फरक प्रसंगमा उनले यस्तो बताएका हुन् । उनले विश्व ब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको बारेमा आतंकित नभई सतर्कता अपनाउन नगरबासीलाई अनुरोध गर्दै कोरोनाको बारेमा नागरिकलाई सुसूचित गर्ने अभियानमा साझा दायित्व साथ महत्वपूर्ण भूमिका निर्वाह गर्न सबै राजनीतिक दल, संघसंस्था र सबै सञ्चार माध्यमलाई विशेष आग्रह समेत गरेका थिए । उनले कोरोना भाइरसको प्राणघातक संक्रमणप्रति संयमपूर्वक सतर्कताका लागि सबै नगरबासीलाई अनुरोध समेत गरेका थिए । उनले हाछ्युँ गरेपछि वा खोकेपछि, खाना पकाउनु वा खानुअघि, शौचालय प्रयोगपछि, बिरामी भेटेपछि हात फोहोर भएमा वा जनावर छोएपछि अनिवार्यरुपमा हात धुन सबैलाई अनुरोध गर्दै साबुनपानीले हात धुन, फोहर हातले नाक, मुख र आँखा नछुन, हाछ्युँ गर्दा वा खोक्दा नाक र मुख बन्द गर्न वा रुमाल प्रयोग गर्न, रुघाखोकीको संक्रमण भएका वा श्वासप्रश्वाससम्बन्धी समस्या हुने व्यक्तिको निकटमा नबस्न पनि अनुरोध गरेका हुन् । उनले नगरपालिकाले कोरोना भाइरससम्बन्धी जनचेतनामूलक कार्यक्रमको तयारी गरिरहेको पनि जानकारी गराए । चालिसेले आयोजकलाइ धन्यबाद दिँदै प्रतियोगिता सफलताको शुभकामना ब्यक्त गरेका थिए । स्वास्थ्यको लागि खेलकुदको निकै आवश्यक रहनुका साथ खेलकुदबाट बिश्वमा राष्ट्रलाइ चिउने माध्यमसमेत भएको बताए । उनले उनले विद्यालय स्तरबाट नै खेलाडी उत्पादन गर्न सके प्रतिभावान खेलाडी उत्पादन नभएर त्यसले राष्ट्रका लागि फाइदा पुऱ्याउनु बताए । उनले गोकर्णेश्वर नगरपालिकाले खेलकुदलाइ प्राथमिकता राखेको हुँदा विभिन्न प्रतियोगिताहरु संचालन हुँदै आएको समेत जानकारी गराए । उनले फुटबल खेलमा सम्भावना बोकेका प्रतिभाहरुको पहिचान गर्न पनि यस्ता प्रतियोगीताले सहयोग पुऱ्याउने बताए । उनले नगरपालिका भित्र कुनै पनि खेलाडी अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन चहान्छन भने उनीहरुलाई आर्थिक अभाव हुन नदिने र प्रतियोगितामा सहभागी हुँदा लाग्ने खर्चमा नगरपालिकाले सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्ने बताए ।



**गोकर्णेश्वर नगरपालिका,** नगर कार्यपालिकाको कार्यालय
**३ न. प्रदेश नेपाल,** जोरपाटी


## होटलका लागि हामीलाई सम्झनु होस्

काठमाडौंको पवित्र पशुपतिनाथको मन्दिर नजिकै सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं ।

**हाम्रा सुविधा तथा विशेषताहरु :**

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- गौशालाबाट नजिकै रहेकाले सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने ।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने ।

## न्यु होटल पशुपति दर्शन

रातोपुल, गौशाला, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ४४९५४०४
इमेल lamasanu732@gmail.com, hotelpashupatidarshan@gmail.com


Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .